प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि
वर्ष १० अंक १९१ काठमाडौं सोमबार, २० कात्तिक २०८० Prabhab National Daily Monday, November 6, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

# सत्तारूढ दल नै लोकप्रिय बन्ने होडमा

■ प्रदेश संवाददाता

**काठमाडौं–** जाजरकोट भूकम्पप्रभावित क्षेत्रमा पुराना दलहरू नै लोकप्रिय कार्यक्रममा केन्द्रित भएका छन् । सत्तारुढ दल नै सरकारी सहयोगभन्दा पहिले दलको राहत घोषणा गर्न उछिनपाछिनमा उत्रिएका देखिन्छन् । सत्तारुढ दल नेपाली कांग्रेस र माओवादी केन्द्रमात्र हैन, प्रतिपक्षमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीलेसमेत भूकम्पपीडितलाई सघाउन भारी रकमको घोषणा गरेको छ । पुराना दलको यो घोषणाले लोकप्रिय कार्यक्रम अघि सारेर उदाएका साना दल भने छायामा परेका छन् ।

**सत्तारूढ दल नेपाली कांग्रेस र माओवादी केन्द्रमात्र हैन, प्रतिपक्षमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीलेसमेत भूकम्पपीडितलाई सघाउन भारी रकमको घोषणा गरेको छ**

### कांग्रेसको महासमिति बैठक स्थगित, राहतमा विशेष ध्यान

नेपाली कांग्रेसले जाजरकोट र रुकुम पश्चिममा भूकम्प गएको भोलिपल्टै ५० लाख रूपैयाँ राहत कोषमा जम्मा गरिदिने घोषणा गरेको छ। त्यसपछि पनि कांग्रेसले दिनानुदिन नयाँ घोषणा गर्दै आएको छ।

शुक्रबार जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण देखाउँदै शनिबार कांग्रेसले सरकारी राहत कोषमा ५० लाख योगदान दिने घोषणा गरेको थियो। शनिबारै कांग्रेसले अर्को विज्ञप्ति जारी गर्दै तिहारअघिका सम्पूर्ण कार्यक्रम रद्द गर्ने निर्णय गऱ्यो। कांग्रेसले बुधबार देशको पछिल्लो आर्थिक स्थितिबारे मन्थन गर्न देशभर 'इकोनोमिक कन्क्लेभ' गर्ने यसअघि नै निर्णय गरेको थियो। तर भूकम्पको कारण देखाउँदै कांग्रेसले यो कार्यक्रम अनिश्चितकालका लागि स्थगित राखेको छ।

'पार्टीको सम्पूर्ण ध्यान भूकम्पप्रभावित क्षेत्रमा केन्द्रित गर्न आवश्यक रहेकोले केन्द्र, प्रदेश हुँदै पालिकास्तरसम्म पार्टीले आयोजना गर्न लागेका पूर्वनिर्धारित तिहारसम्मका सम्पूर्ण कार्यक्रमहरू स्थगित गर्ने निर्णय गरिएको छ। यो निर्णयलाई आ-आफ्नो तहमा कार्यान्वयन गर्नू/गराउनू हुन नेपाली कांग्रेस निर्देश गर्दछ,' पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

आइतबार कांग्रेसले महासमिति बैठक सार्ने निर्णय गरेको छ। पार्टी सभापति शेरबहादुर देउवानिवास धुम्बाराहीमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले उक्त निर्णय गरेको हो। कांग्रेसले यसअघि मंसिर १५ गते काठमाडौंमा महासमिति बैठक गर्ने निर्णय गरेको थियो। आइतबारको बैठकले महासमिति मंसिर २९ गतेबाट सुरु हुनेगरी मिति परिवर्तन गरेको पार्टी प्रचार विभागका संयोजक मीनबहादुर विश्वकर्माले जानकारी दिए।

'कांग्रेस महासमितिको बैठक अब मंसिरको २९, ३० र पुसको १ र २ गते गोदावरीमा हुनेछ। हल अभावका कारणले पनि हो,' उनले भने। (**बाँकी पष्ठ २ मा**)

जाजरकोट भूकम्पको प्रभाव

# साढे आठ हजार घरमा क्षति

- भूकम्पले आठ हजार ४७३ वटा घरमा क्षति, तीन हजार ४१ घर पूर्णरुपमा क्षतिग्रस्त
- भूकम्प प्रतिरोधात्मक संरचना एक वर्षभित्र निर्माण गरिसक्ने
- चार हजार घरका भूकम्पपीडितलाई राहत सामग्री पठाइयो
- दुर्गम क्षेत्रमा हवाई मार्गबाट राहत सामग्री लगिँदै
- राहत वितरण गर्न गृहमन्त्री नेतृत्वको टोली भूकम्पप्रभावित क्षेत्रमा
- प्रतिमृतक परिवारलाई दुई लाख राहत दिइने



**रुकुम पश्चिमको आठबिसकोट नगरपालिका–१४ क्षपारेमा भूकम्पले घर भत्काएपछि त्रिपालमुनि बसेका स्थानीय ।** *तस्बिरः सुरेश आचार्य/रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** जाजरकोट केन्द्रबिन्दु भएर शुक्रबार राति गएको भूकम्पबाट कर्णाली प्रदेशको जाजरकोट र रुकुम पश्चिममा आठ हजार ४७३ वटा घरमा क्षति पुगेको प्रारम्भिक तथ्यांक प्राप्त भएको छ। जिल्ला प्रशासन कार्यालयहरूले सार्वजनिक गरेको तथ्यांकअनुसार रुकुम पश्चिममा सर्वाधिक चार हजार ६७० वटा घरमा क्षति पुगेको छ।

जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालका अनुसार दुई हजार १३६ घर पूर्णरूपमा क्षतिग्रस्त भएको छ। दुई हजार ६४२ घरमा सामान्य क्षति पुगेको छ। यी घरहरूमा पुगेको क्षति करिब दुई अर्ब रूपैयाँबराबरको भएको अनुमान कार्यालयको छ।

भूकम्पको केन्द्रबिन्दु भएको जाजरकोटमा भने केही कम घरमा क्षति पुगेको देखिएको छ। कूल तीन हजार ६५० घरमा क्षति पुगेको पाइएको छ। त्यसमध्ये ९०५ घर पूर्णरूपमा क्षतिग्रस्त भएको छ। दुई हजार ७४५ घरमा सामान्य क्षति पुगेको जिल्ला प्रशासन कार्यालय जाजरकोटले जनाएको छ।

सबैभन्दा धेरै भेरी नगरपालिकामा ३४४ वटा घर पूर्णरूपले क्षतिग्रस्त भएका छन्। नलगाड नगरपालिकामा २०० घर र छेडागाड नगरपालिकामा १०० घर, कुशे गाउँपालिकामा ९५, बारेकोट गाउँपालिकामा १६०, शिवालय गाउँपालिकामा एक र जुनिचाँदे गाउँपालिकामा पाँच घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन्।

सहरी विकास मन्त्रालयमार्फत जाजरकोटलाई आधार मानेर एकीकृत कार्ययोजना बनाई भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण कार्य अघि बढाउने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । प्रभावित क्षेत्रको जीविका र पशुधनको सुरक्षाको व्यवस्था पनि गरिने छ ।

■ **रेखा शर्मा**
सञ्चारमन्त्री

सल्यानमा ९७, प्युठानमा २९, रोल्पामा १७, दाङमा छ, नवलपरासी पूर्व र दैलेखमा एक/एक घर क्षतिग्रस्त भएका छन्। दैलेख र बैतडीमा एक/एक घर क्षतिग्रस्त भएका छन्। धेरै क्षति भएको जाजरकोट र रुकुम पश्चिमको भूकम्पप्रभावित क्षेत्रमा सरकारले एक वर्षभित्र भूकम्प प्रतिरोधात्मक संरचना बनाउनेगरी काम अगाडि बढाउने निर्णय गरेको छ।

आइतबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले सहरी विकास मन्त्रालयमार्फत जाजरकोटलाई आधार मानेर भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माण कार्य अघि बढाउने निर्णय गरेको हो। 'पुनर्निर्माण कार्य अघि बढाउँदा भूकम्प प्रतिरोधात्मक संरचना एक वर्षभित्र निर्माण गरिसक्ने' निर्णयमा उल्लेख छ।

सरकारको प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पुनर्निर्माणको काम एकीकृत कार्ययोजना बनाई अघि बढाइने बताइन्। 'प्रभावित क्षेत्रको जीविकाको सुरक्षा र पशुधनको सुरक्षाको पनि व्यवस्था गर्ने निर्णय भएको छ,' शर्माले मन्त्रिपरिषद् बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भनिन्, 'सहरी विकास मन्त्रालयले जाजरकोटलाई आधार मानेर एकीकृत कार्ययोजना बनाई भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण कार्य अघि बढाउने निर्णय भएको छ।' (**बाँकी पष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# प्राथमिकतामा परेनन् कोरिया 'रिटर्नी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरिया रोजगारीबाट स्वदेश फर्किएर पुनः रोजगारीकै लागि कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरी रोस्टरमा रहेका 'रिटर्नी'हरू रोजगारदाताको प्राथमिकतामा नपरेको पाइएको छ। झण्डै दुई वर्षदेखि रोस्टरमा रहेका रिटर्नीहरू रोजगारीका लागि छनोट नहुनुले सो कुरा पुष्टि हुने जानकारहरू बताउँछन्।

वैदेशिक रोजगार विभागअन्तर्गत कोरिया हेर्ने इपिएस शाखाका अनुसार झण्डै दुई वर्षदेखि रोस्टरमा रहेका दुई हजार ५०० भन्दा बढी कोरिया रिटर्नीहरू रोजगारदाताको रोजाइमा पर्न सकेका छैनन्। कोरिया रिटर्नीहरू प्रक्रियागतरूपमा भाषा परीक्षा (सिबिटी) उत्तीर्ण गरेर रोस्टरमा परे पनि रोजगारदाताले छनोट नगरेका कारण रोजगारीका लागि जान नपाएको इपिएस शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए। 'लामो समयदेखि उनीहरूको नाम रोस्टरमा सूचीकृत छ,' उनले भने, 'तर, कोरियाली रोजगारदाताको रोजाइमा परेका छैनन्।'

इपिएस प्रणालीअन्तर्गत रोस्टरमा रहेको नमावलीबाट रोजगारदाताले सबै विवरण अध्ययन गरेर आफूलाई उपयुक्त हुने कामदार छनोट गर्न पाउने सुविध छ। सोहीअनुरूप रोजाइमा परेका श्रमिकलाई सबै प्रक्रिया पूरा गरी रोजगारदाताले लैजाने गरेका छन्। निर्देशक सुवेदीका अनुसार रोस्टरमा रहेका सबै रिटर्नीहरू कोरिया जानबाट रोकिएका छैनन्। तर, रिटर्नीहरूलाई छनोट गर्ने रोजगारदाताहरू एकदमै न्यून देखिएका छन्। 'अझै पनि रिटर्नीहरू रोजगारदाताको रोजाइमा पर्नसक्ने अवस्था छ,' उनले भने, 'पछिल्लो समय रोस्टरमा रहेका रिटर्नीहरूको मागमा कमी आएको पक्कै हो, तर छनोट हुनका लागि अझै पनि समय बाँकी छ।'




इपिएस प्रणालीलाई नजिकैबाट नियालेका शाखाका पूर्वनिर्देशक पुष्पराज कटुवालले रोजगारदाताले रिटर्नीहरूलाई भन्दा नयाँ कामदार भर्नामा जोड दिएको बताए। 'हामीले भाषा परीक्षा पास गरेका सबैको रोस्टरमा नाम चढाएका हुन्छौं,' उनले भने, 'तर रोजगारदाताले कामदार छनोट गर्दा रिटर्नीभन्दा नयाँलाई प्राथमिकता दिएको देखिन्छ, सोही कारण रोस्टरमा नाम भए पनि रिटर्नीहरू कोरिया जान नपाएका हुन्।'

इपिएस प्रणालीबाट रोजगारीका लागि कोरिया जाने कामदारलाई कुनै किसिमको छुट्टै सीप हासिल गर्नु पर्दैन। उनीहरूलाई औद्योगिक (म्यानुफचाक्चरिङ) तथा कृषि क्षेत्रमा अदक्ष कामदारको रूपमा नै रोजगारी उपलब्ध गराइन्छ। 'सीपयुक्त कामदारको आवश्यकता हुने भए रोजगारदाताले अनुभवका आधारमा रिटर्नीहरूलाई प्राथमिकता दिनसक्थे, तर त्यस्तो केही चाहिँदैन,' कटुवालले भने।

पछिल्लो समय कोरिया सरकारले इपिएसमार्फत गएका विदेशी कामदारलाई निरन्तर १० वर्षसम्म काम गर्न पाउने व्यवस्था गरेको छ। जसका कारण पुनः कोरिया जानका लागि रिटर्नीहरू इपिएस प्रणालीमा सहभागी हुने गरेको बताइन्छ। तर, भाषा परीक्षा पास गरी रोस्टरमा नाम समावेश भए पनि कोरिया जान नपाएको भन्दै केही समयअघि रिटर्नीहरूले शाखा कार्यालयमा धर्ना एवं आन्दोलनसमेत गरेका थिए। उनीहरूको आन्दोलनका कारण नेपालीहरूले रोजगारीको अवसर गुमाउन सक्ने भन्दै कोरियाली पक्षले चेतावनी नै दिएको थियो। पछि पाँचबुँदे सहमतिपश्चात् आन्दोलन रोकिएको थियो।

दुई देशबीच भएको जिटुजी सम्झौताअनुसार इपिएस प्रणालीमार्फत सन् २००८ देखि नेपाली श्रमिक रोजगारीका लागि कोरिया जान थालेका हुन्। कोरियाले गत वर्षसम्म निश्चित कोटा निर्धारण गरी कामदार लैजाने गरेको थियो। अब आवश्यकताको आधारमा जुन मुलुकले छिटो भाषा परीक्षालगायतका प्रक्रिया पूरा गरी कामदारको नामावली रोस्टरमा चढाउँछ सोही मुलुकबाट बढी कामदार लैजाने नियम लागू गरेको छ। सोही आधारमा यस वर्ष इपिएस भाषा परीक्षा पास गरेका २२ हजारभन्दा बढी नेपालीले कोरियामा रोजगारीको अवसर पाएको इपिएस कोरिया शाखाले जनाएको छ।

त्यसैगरी पछिल्लो समय रोजगारीका विभिन्न क्षेत्रमा विदेशी कामदारको माग गर्ने सन्दर्भमा पानी जहाज निर्माण 'सिप बिल्डिङ' (पानीजहाज निर्माण) का लागि झण्डै २५ सय नेपाली कामदारको माग भई आएकोमा शाखाले भाषा परीक्षा सम्पन्न गरिसकेको छ। कोरियामा पछिल्लो समय नेपाली कामदारको माग बढ्दो रहेको बताइएको छ।

जनहितमा जारी सन्देश



## साढे आठ...

पष्ठ १ बाट जारी

### पीडितलाई स्थानीय तहमार्फत राहत

सरकारले भूकम्पपीडितलाई राहत वितरण पनि थालेको छ । भूकम्प प्रभावित दुवै जिल्लाको विपद् व्यवस्थापन समितिको कोषमा विभिन्न निकायबाट प्राप्त राहत रकम दुवै जिल्लाले स्थानीय तहमार्फत वितरण थालेका हुन् ।

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले चार हजार घरपरिवारलाई पुग्ने राहत सामग्री स्थानीय तहहरूमा पठाइसकिएको बताए । उनका अनुसार केही दुर्गम क्षेत्रमा भने राहत सामग्री पुर्‍याउने क्रम जारी छ । त्यसका लागि हवाई मार्गलाई पनि प्रयोग गरिएको छ ।

'राहतको काम शनिबारदेखि नै सुरु गरिएको हो । हवाईमार्गबाट बिरामी उद्धार गर्न जाँदा राहत सामग्री लगेर जाने गरिएको छ,' उनले प्रभावसँग भने, 'चार हजार घरपरिवारलाई राहत पठाइसकिएको छ । जुन हामीसँग स्टक थियो ।' भूकम्पपीडितलाई पठाइएको राहत सामग्रीमा टेण्ट, त्रिपाल, कम्बल, स्लिपिङ ब्याक, खाद्यान्न, भाँडाकुँडा र लत्ताकपडा छन् ।

भूकम्पप्रभावित जाजरकोटको बाह्रकोट, रुकुम पश्चिमको आठबिसकोट र सानो भेरीको दुर्गम क्षेत्रमा राहत सामग्री पुर्‍याउने क्रम जारी रहेको पनि प्रदेश सरकारले जनाएको छ ।

संघीय सरकारले पनि भूकम्पप्रभावित क्षेत्रमा त्रिपाल, ब्ल्यांकेट, स्लिपिङ ब्यागलगायत सामग्री पठाएको छ । गृह मन्त्रालयका अनुसार जाजरकोट र रुकुम पश्चिममा मन्त्रालय, सशस्त्र प्रहरी बल र युनिसेफले त्रिपाल, ब्ल्यांकेट र स्लिपिङ ब्याग पठाएका हुन् ।

जाजरकोटमा गृह मन्त्रालयले १०० थान ब्ल्यांकेट, १०० थान त्रिपाल र ५५० स्लिपिङ ब्याग पठाएको छ । सशस्त्र प्रहरी बलले पाँच हजार थान त्रिपाल र ३५० थान ठूला टेण्ट पठाएको छ भने युनिसेफले ६८ थान त्रिपाल र पाँच थान म्याट्रेस पठाएको छ ।

रुकुम पश्चिममा गृह मन्त्रालयले १०० थान ब्ल्यांकेट, २२६ थान त्रिपाल र ५५० थान स्लिपिङ ब्याग पठाएको छ । सशस्त्र प्रहरीले पाँच हजार थान त्रिपाल र ३५० थान टेण्ट पठाएको छ भने युनिसेफले ६६७ थान त्रिपाल पठाएको छ । ती सामग्रीहरू गृहमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा मन्त्री र सांसदहरूको एक टोलीले वितरण गर्ने छ । टोलीमा श्रेष्ठसँगै, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत, ऊर्जामन्त्री शक्ति बस्नेत र सांसद जनार्दन शर्मालगायत छन् ।

### भारतले पठायो १६ करोडको राहत सामग्री

जाजरकोट भूकम्पपीडितका लागि भारतले पहिलोपटकमा नेपाली १६ करोड रूपैयाँबराबरको आपत्कालीन राहत सामग्री पठाएको छ । काठमाडौंस्थित भारतीय दूतावासका अनुसार ती सामान आइतबार नेपालगञ्ज पुर्‍याइएको छ ।

भारतीय वायुसेनाको एक विशेष विमान सी (१३) ले ११ टनभन्दा बढी आपत्कालीन राहत सामग्री लिएर आएको थियो । जसमा त्रिपाल, टारपोलिन सिट, कम्बल र स्लिपिङ ब्याग, पोर्टेबल भेन्टिलेटरजस्ता चिकित्सा उपकरण र अत्यावश्यक औषधि छन् ।

यी राहत सामग्री भारतीय राजदूत नवीन श्रीवास्तवले उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालाई हस्तान्तरण गरेका थिए । घनिष्टमित्र र छिमेकी भएको नाताले नेपालमा भूकम्पबाट प्रभावित भएकाहरूलाई हर सम्भव सहयोग गर्न भारत प्रतिबद्ध रहेको दूतावासले जनाएको छ ।

### सहयोगका लागि सरकारको अपिल

सरकारले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि इच्छुकहरूसँग आर्थिक सहयोग आह्वान गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सूचना जारी गर्दै शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पपछि राहत, पुनःस्थापना र घाइतेहरूको उपचारका लागि सहयोग गर्न चाहनेहरूसँग आर्थिक सहयोग आह्वान गरेको हो ।

भूकम्पका कारण मृत्यु हुने नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रधानमन्त्री कार्यालयले खोज, उद्धार र राहतका लागि क्रियाशील रहेकाहरूलाई धन्यवाद ज्ञापन गर्दै निरन्तरता र थप सहयोगको लागि अनुरोध गरेको छ ।

कार्यालयले संवेदनशील घडीमा देश तथा विदेशबाट सहयोग गर्न इच्छुकहरूले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको विभिन्न बैंक खातामा रकम जम्मा गर्न सक्ने जानकारी दिएको छ ।

सरकारले भूकम्पप्रभावितका लागि प्रस्ताव भएको अन्तर्राष्ट्रिय सहयोगलाई स्वीकार गर्ने निर्णय पनि गरेको छ । सरकारका प्रवक्ता शर्माका अनुसार अहिलेसम्म चीन सरकारले १० करोड रूपैयाँ बराबरको राहत सामग्री दिने घोषणा गरेको छ । मित्रराष्ट्र रुस, अमेरिका, पाकिस्तानलगायत देशले पनि सहयोग गर्ने घोषणा गरेका छन् । भारतले भने राहत सामग्री पठाइसकेको छ ।

शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण हालसम्म जाजरकोटमा १०५ जनाको मृत्यु भएको छ । रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ । घाइते २५६ जना छन् । त्यसमध्ये जाजरकोटका ११२, रुकुमका १३२, सल्यानका दुई, रोल्पाका एक र दैलेख, बैतडी, जुम्लामा समान तीन/तीन जना घाइते छन् ।

सरकारले उद्धार कार्यमा ४८५ जना सशस्त्र प्रहरी, ८७४ जना नेपाल प्रहरी र २०२ जना नेपाली सेनालाई परिचालन गरेको जनाएको छ ।

### प्रतिमृतक परिवारलाई दुई लाख

सरकारले भूकम्पमा परी ज्यान गुमाएका व्यक्तिका परिवारलाई दुई लाख रूपैयाँको दरले राहत उपलब्ध गराउने भएको छ । आइतबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताइन् । भूकम्पमा परी हालसम्म १५७ जनाको मृत्यु भएको छ ।

## सत्तारुढ दल...

पष्ठ १ बाट जारी

भूकम्पपीडितका लागि कांग्रेस केन्द्रीय सदस्य जिपछिरिङ लामाले ११ लाख रूपैयाँ र पूर्वसांसद तथा नेपाली कांग्रेसका नेता दिव्यमणि राजभण्डारीले पाँच लाख रूपैयाँ दिने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै, पार्टीका सदस्यहरूलाई सहयोग गर्न आग्रह गरिएको छ । उक्त रकम विपद् व्यवस्थापन कोषमा जम्मा गरी सहयोग गर्ने संयोजक विश्वकर्माले बताए । प्रभावितहरूमाथि अन्याय नहोस् भन्नका लागि महामन्त्रीद्वयको संयोजकत्वमा विपद् व्यवस्थापन सँगसँगै सबै काम गर्नेगरी अनुगमन तथा सहजीकरण समिति निर्माण गर्ने निर्णय भएको उनले बताए । विश्वकर्माका अनुसार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा भूकम्पग्रस्त क्षेत्रमा खट्ने छन् ।

'भूकम्पपीडितलाई राहत वितरणमा अनियमितता र पक्षपात नहोस् भनेर सरकारलाई गम्भीर ध्यानाकर्षण गराउँदछौं,' विश्वकर्माले भने, 'यी समग्र विषय र भूकम्प गएका क्षेत्र अवलोकनसहित कामहरू गर्न महामन्त्रीद्वयको संयोजकत्वमा अनुगमन र सहजीकरण समिति बनाउने निर्णय भएको छ ।'

कांग्रेस सांसदहरूले आफ्नो आधा महिनाको तलबसमेत राहत कोषमा जम्मा गर्ने निर्णय गरेका छन् । अहिले प्रतिनिधिसभामा ८८ र राष्ट्रिय सभामा १० गरी ९८ सांसद कांग्रेसका छन् । प्रत्येक सांसदबाट करिब ३३ हजार रूपैयाँ जम्मा हुँदा ३२ लाख रूपैयाँ कोषमा जाने कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बताए । 'केन्द्रीय कार्यसम्पादन समितिले संघीय सांसदको आधा महिनाको तलब भूकम्पपीडितलाई दिने निर्णय गरेको हो,' लेखकले भने ।

नेपाली कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनले पनि कर्णालीका भूकम्पप्रभावितका लागि कर्मचारीहरूको तर्फबाट आर्थिक सहयोग गर्ने भएको छ । युनियनको आइतबार बसेको आकस्मिक बैठकले प्रभावितहरूको तत्काल राहतका लागि संगठनको तर्फबाट ११ लाख ११ हजार १११ रूपैयाँ राहत पठाउने निर्णय भएको सचिव झविन्द्र पोखरेलले बताए ।

यसैगरी, नेपाली कांग्रेसको भ्रातृसंस्था नेपाल विद्यार्थी (नेवि)संघले पनि भूकम्पपीडितलाई सघाउन केन्द्रीय सदस्यबाट जनही एक हजार रूपैयाँ उठाएर सात लाख ११ हजार रूपैयाँ सहयोग गर्ने जनाएको छ । नेविसंघ केन्द्रीय समितिमा ७११ जना सदस्य छन् ।

### माओवादी पनि छैन कम

भूकम्पपीडितलाई सघाउने विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले मौन देखिन्छ । तर सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र पनि लोकप्रिय कार्यक्रमतिर अघि सरेको छ ।

आइतबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको पदाधिकारी बैठकले पीडितलाई पार्टीको कोषबाट ५० लाख रूपैयाँ उपलब्ध गराउने निर्णय भएको सचिव गणेश साहले जानकारी दिए । यस्तै माओवादीले राहत र पुनर्निमाणका लागि सबै प्रदेश कमिटीसँग समन्वय गर्ने जिम्मा महासचिव देव गुरुङलाई दिएको छ ।

'बैठकले पीडितहरूको राहतका लागि ५० लाख रूपैयाँ दिने निर्णय भएको छ । सबै प्रदेश कमिटीसँग समन्वय गर्न महासचिव देव गुरुङजीलाई जिम्मेवारी दिएको छ,' साहले भने । त्यसो त माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल भूकम्पग्रस्त क्षेत्रमा आफैं खटिएका थिए । भूकम्पग्रस्त क्षेत्रमा प्रधानमन्त्री दाहाल शनिबार बिहानै पुगेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछानेसहित पार्टीका नेता कार्यकर्ता पनि भूकम्पपीडितको उद्धारमा खटिएका थिए ।

भूकम्पको क्षेत्रमा काम गर्ने नेसनल सोसाइटी फर अर्थक्वेक टेक्नोलोजी (एनसेट)का अध्यक्ष डा. आमोदमणि दीक्षित भने प्रधानमन्त्रीजस्तो व्यक्ति गाउँ पुग्नुभन्दा स्थानीय सरकारलाई नै काम गर्न दिनुपर्ने बताउँछन् । 'स्थानीय सरकार छ । प्रधानमन्त्री ठूलो मान्छे, त्यहाँ पुग्दा सर्वसाधारण आत्तिन सक्छ । त्यहीका जनप्रतिनिधिसँग सहज मान्छन् स्थानीयले,' डा. दीक्षितले भने ।

माओवादीमात्र हैन नेकपा माओवादी विप्लव सीलेसमेत भूकम्पपीडितका लागि एक लाख रूपैयाँ राहत उपलब्ध गराउने घोषणा गरेको छ ।

### राप्रपाले २५ लाख दिने, बाबुरामको पार्टीले १० लाख

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भूकम्पपीडितलाई सहयोग उपलब्ध गराउन सरकारी कोषमा २५ लाख रूपैयाँ जम्मा गर्ने निर्णय गरेको छ । कार्यवाहक अध्यक्ष बुद्धिमान तामाङको अध्यक्षतामा आइतबार बसेको पदाधिकारी बैठकले २५ लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गर्ने निर्णय गरेको हो ।

यसका लागि राप्रपाका संघीय सांसद र प्रदेशसभा सदस्यहरूको एक महिनाको तलब लिइने राप्रपाले जनाएको छ । यता डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले भूकम्पपीडितलाई सहयोग गर्न सरकारी कोषमा १० लाख रूपैयाँ दिने भएको छ । केन्द्रीय कार्यकारिणी समिति बैठकले पार्टीको तर्फबाट भूकम्पपीडितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० लाख रूपैयाँ प्रदान गर्ने निर्णय गरेको नेता विश्वदीप पाण्डेले बताए ।


**काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८०/०७/२०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ११२ थान गोलिया ६९३.०५ क्यु.फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १६ औ दिन १:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया बेलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली






नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०७/१४ मा दर्ता भएको **प्रा.लि. नं. २२३६७३** को नबजीवन कृषी फार्म **प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



अर्वान सव-रेमिटाण्स प्रा. लि.
(लिक्वीडेशन) सम्बन्धमा

**हकदावी गर्न आउने बारे दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०६९/०९/०४ मा दर्ता भएको प्रा.लि. नं. (१०८१७८/०६९/०७०) को अर्वान सव-रेमिटान्स प्रा.लि. लाई खारेजी लिक्वीडेसन मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०७/१८ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी**
**लिक्विडेटर दामासाही प्र.प. नं.-५४७**



**काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८०/०७/२०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ४९ थान गोलिया ५०४.०९ क्यु. फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १६ औं दिन १:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया सलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/२० गते)

मेदिनी बल्लव भट्टराईको नाति, कोसल राज भट्टराईको छोरा सावित्रि देवि भट्टराईको पति ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं ०४ बस्ने विश्वनाथ भट्टराई (वसिस्ट)को मिति २०८०/०३/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पुतलीसडक शाखामा रहेको बचत खाता नं.००१०००१०२६९०००01 मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय पुतलीसडक, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय पुतलीसडक, काठमाण्डौ फोन नं : ०१-५३३१९६०/५३२९७०५**




फ्रेण्डशिप सब रेमिटान्स एक्सप्रेस प्रा. लि.
(लिक्वीडेशन) सम्बन्धमा

**हकदावी गर्न आउने बारे दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०६७/०८/१७ मा दर्ता भएको प्रा.लि. नं. (७८०८२/०६७/०६८) को फ्रेण्डशिप सब रेमिटान्स एक्सप्रेस प्रा.लि. लाई खारेजी लिक्वीडेसन मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०७/१८ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बांकी बक्यौता भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर**
**दामासाही प्र.प. नं.-५४७**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


कात्तिक २० गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **वृष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मिथुन** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कर्कट** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **सिंह** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कन्या** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **तुला** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **वृश्चिक** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **धनु** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मकर** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कुम्भ** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **मीन** | परोपकारमा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक २० गते, २०८०, ६ नोभेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**राहत सामग्री |** भारत सरकारले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई हस्तान्तरण गरेको राहत सामग्री नेपालगञ्ज विमानस्थलमा भारतीय वायुसेनाको विमानबाट ओसार्दै राँझास्थित श्री बज्रदल गणका नेपाली सेना । *तस्बिरः रासस*

# भूकम्पपीडित भन्छन्- भाग्यले बाँचे

■ **राकेशकुमार मिश्र**

**खजुरा (बाँके)**- जाजरकोट भेरी नगरपालिका-३ खलंगाका ४८ वर्षीय विमलकुमार कार्की भूकम्पमा परी घाइते भएका छन् । उनी शुक्रबार रातिको भूकम्पबाट घर भत्किएपछि च्यापिएका थिए । उद्धारपछि कार्कीले भने, 'भाग्यले बाँचे ।' दुईतले कच्ची घरमा राति एक्लै सुतिरहेका बेला एक्कासि भूकम्प गएको र ब्युँझिएर अत्तालिएर घरबाट बाहिर निस्कन खोज्दा घर गर्ल्याम्म ढल्दा माटोले च्यापिएर घाइते भएको उनले सुनाए ।

घाइते कार्कीले आफ्ना दुःख सुनाउँदै भने, 'एक्कासि भूकम्प आएको थाहा पाएर झ्यालबाट बाहिर निस्कन खोज्दा झ्यालसँगै तल खसेँ र माटोले मेरो दुईवटै खुट्टा च्यापियो । रातिको समय थियो, एकछिन होसहवास गुम्यो, पछि होस आउँदा म बेस्सरी कराएँ । आधा घण्टापछि भतिज मन्दीप कार्की आयो । राति साढे १ बजे अस्पताल पुगेँ ।'

काका एक्कासि चिच्याएको आवाज सुनेर म दौडेर पुगेको घाइते कार्कीका भतिज मन्दीपले बताए । उनले भने, 'म पुगेपछि वरिपरिका मानिसलाई बोलाएर स्ट्रेचरमा बोकेर जाजरकोट अस्पताल पुऱ्याऔं र त्यहाँ पनि घटनाका घाइतेको ठूलो भीडभाड रहेछ, डाक्टरले उनलाई राति साढे ३ बजे नेपालगञ्ज सिफारिस गर्नुभयो ।'

मन्दीपले काकालाई शनिबार बिहान साढे ७ बजे एम्बुलेन्समा राखेर भेरी अस्पतालमा ल्याइपुऱ्याएका हुन् । घाइतेमध्ये विमलकुमार नै पहिलो बिरामी उपचारमा आएको अस्पतालले जनाएको छ । अस्पतालका चिकित्सकले परीक्षण गर्दा विमलकुमारको दाहिने खुट्टाको दुई भाग भाँचिएको अस्पतालले जनाएको छ । २२ वर्ष पुरानो दुईतले कच्ची घरले झनै ज्यान बचाएको घाइते उनले बताए ।

विमलकुमारको घर नजिकै ससुरालीमा रहेकाले श्रीमती र तीन छोरी बाँचेको बताए । शुक्रबार राति घरमा उनी एक्लै थिए । उनकी श्रीमती र छोरी ससुराली गएकाले बाँचे नत्र घटनामा परेर नबाँच्नसक्ने विमलकुमारले बताए ।

भगवान्ले आफ्नो परिवारलाई जोगाएको घाइते विमलकुमारकी श्रीमती चन्द्रसिंहले बताइन् । उनले आफू घटनाको बारेमा थाहा पाउनैबित्तिकै श्रीमान्लाई खोज्दै जाजरकोट अस्पताल पुगेको बताइन् । भूकम्प गएपछि छोरीलाई उठाएर बाहिर भागेर ज्यान बचाएको उनले सुनाइन् । उनी बसेको घर भूकम्पले सामान्य भत्किएको र चिरा परेको छ ।

चन्द्रसिंहले घटनालाई सम्झेर 'यस्तो ठूलो विपद्ले हामी त सदरमुकामकालाई यस्तो भयो, भूकम्पको केन्द्रबिन्दु भएको क्षेत्रका मानिसको अवस्था के होला' भनेर प्रश्न गरिन् । जाजरकोट केन्द्रबिन्दु भएर शुक्रबार राति गएको भूकम्पमा परी गम्भीर घाइते भएकालाई थप उपचारका लागि नेपालगञ्ज ल्याइएको छ ।

भूकम्पमा परी गम्भीर घाइतेहरूको उपचारका लागि नेपालगञ्जको भेरी अस्पताल, नेपालगञ्ज मेडिकल कलेज, कोहलपुर शिक्षण अस्पतालमा उपचारको व्यवस्थापन गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए । उनका अनुसार घाइते तथा घाइतेका आफन्तका लागि सहजताका लागि स्वास्थ्य कार्यालय बाँकेका फोकल पर्सन नरेश श्रेष्ठलाई तोकिएको छ । *रासस*

## खुला आकाशमुनि बसेरै सेवा दिइँदै

**जाजरकोट**- भूकम्पको केन्द्रबिन्दु रहेको बारेकोटमा रहेको स्वास्थ्य संस्थामा पनि क्षति पुगेपछि यहाँको स्वास्थ्य सेवा खुला आकाशमुनि बसेरै दिन थालिएको छ । दश शयचाको अस्पतालमा विकास भएको लिम्सास्थित स्वास्थ्य संस्थामा भूकम्पले भवन छियाछिया बनाएकाले खुला आकाशमुनि बसेरै सेवा दिनुपरेको हो ।

गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवासमेत खुला आकाशमुनि बसेरै दिनुपरेको सिनियार अनमी कल्पना रोकायले बताइन् । भवनको कुनै ठाउँ पनि सक्लो नहुँदा काम गर्न मुस्किल भएपछि एम्बुलेन्स राख्न बनाइएको ठाउँमा आवश्यक उपकरण राखेर उपचार गर्नुपरेको उनको भनाइ थियो । पराकम्प गइरहेकोले सेवा प्रवाहमा समस्या भएको सिनियार अनमी रोकायले जानकारी दिइन् ।

गाउँपालिकाको केन्द्रबाट झण्डै चार किलोमिटर टाढाको दूरीमा रामीडाँडा पर्दछ । अहिले भूकम्पबाट घाइते भएका सर्वसाधारण तथा अन्यलाई समेत सेवा दिन समस्या भएको उनले जानकारी दिइन् । दस शयचाको नयाँ भवन निर्माण नभएको र पुरानै भवनबाट सेवा उपलब्ध गराउँदै आइएकामा अहिले भूकम्पले भवनमा क्षति पुऱ्याएकाले हैरानी खेप्नुपरेको हो । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०७/१५ गते भक्तपुर नपा. २ को बालसुधारबाट छिर्ने बाटोमा पार्किङ गरिराखेको अवस्थामा २०० cc Bajajaj खरानी रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम :** विष्णु बहादुर अधिकारी
**बाइक नं.:** बा.प्र.०२-०३९प ७३०५
**च्यासिस नं.:** MD2A36FX4MCH 98006
**इन्जिन नं. :** JLXCMH 25126
**ठेगाना:** भक्तपुर २, बालसुधार
**सम्पर्क:** ९८५१३४९१८२



## Gulmidarbar Rural Municipality
### Office of Rural Municipal Executive

Gaundakot, Gulmi
Lumbini Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

**Date of Publication : 06th November, 2023 (20th Kartik, 2080)**

1. Gulmidarbar Rural Municipality, Office of the Rural Municipal Executive, Gaundakot, Gulmi invites electronics bids from eligible bidders for the Procurement of contracts mentioned below.

| Contract ID | Name of Project | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|
| GDRM/SQ/G-06/2080-081 | Procurement of Supply and Delivery of Essential Drugs and Medicine | 1,000.00 | 36,000.00 | 21st November, 2023 | |
| GDRM/NCB/W-07/2080-081 | Procurement of Upgrading of Gulmidarbar RM Solti Mod to Dandapokhari Road, Gulmidarbar-5, Gulmi | 3,000.00 | 63,000.00 | 7th December, 2023 | |

2. Bidders can get further information from Office of Gulmidarbar Rural Municipality, Gaudakot-03, Gulmi. (Phone No. 9857067912, 9857085214 Website: www.gulmidarbarmun.gov.np) during office hours or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the Notice will be published in the notice board at Office or visit PPMO's website: www.bolpatra.gov.np/egp. The Employer/Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



Lumbini Province Government
Ministry of Agriculture and Land Management
**Fisheries Development Center**
Samsergunj-Banke

**Invitation for Bids**

**IFB No.FDC/BANKE/WORK/080-081/01**
Date of publication: 2080/07/20

1. Fisheries Development Center, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | FDC/BANKE/NCB/WORK/POND/080-081/01 | Construction of pond wall at Fisheries Development Center, Samsergunj-Banke | 2499629.43 | 3000 | 63000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour on 2080/08/20. For more detail information at 081-400027 within office hour or download the Bidding Document.

Act. Office Chief



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : Alanoud Abdullah Bin Mohammad Alyami Car Decorating Est.**

पूर्व स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 294652 | चलानी नं. ६०२०९८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Wrapping WORKER | 1 | 0 | 1000 | ३५,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : QABIL MOHAMMED SARHAN AL-DAUSARI TRADING**

पूर्व स्वीकृति मिति २०८०/०४/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 289643 | चलानी नं. ६०२०४९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 20 | 0 | 1000 | ३५,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AMEED AL ADWAA GENERAL CONTRACTING**

पूर्व स्वीकृति मिति २०८०/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 293780 | चलानी नं. ६०२०८९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Fitter | 4 | 0 | 1200 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : DEERATNA FACILITIES MANAGEMENT & SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०७/१९ | LT. No.294690 | चलानी नं.६०२०९८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 0 | 5 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 1 | 0 | 1200 | ४३,५२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** निःशुल्क कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TALENT OVERSEAS SERVICES PVT. LTD.** श्रम ईजाजत नं. ७०४/०६४/०६५
Pingalasthan-8, Gaushala, Kathmandu, Nepal, Tel.: +977-1-4113744, 4113738
E-mail: talentoverseas2008@gmail.com, info@talentoverseas.com.np, Web: www.talentoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HONG NAM INDUSTRY (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 267165 | चलानी नं. ६०१८३०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | 1500 | ४२,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CIMEI FOOD INGREDIENTS SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 276035 | चलानी नं. ६०१९१६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 12 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

प्रभाव दैनिक
National Daily

म्पादकीय

## टि-२० विश्वकप यात्रामा नेपाल

खेलकुदको अन्य विधामा खासै प्रगति गर्न नसकेको नेपालले क्रिकेटमा भने आशा जगाइरहेको छ । पछिल्लो समय नेपाली क्रिकेटले पाएको सफलताप्रति चौतर्फी प्रशंसा भइरहेको छ । यसले नेपाली खेलप्रेमीहरूमा उत्साह मात्रै जगाएको छैन, नेपाललाई विश्वमाझ चिनाउने कार्य पनि गरिरहेको छ । नेपालले टेस्ट मान्यताप्राप्त शक्ति राष्ट्रहरू भारत र पाकिस्तानसँग खेलेर एक दिवसीय क्रिकेट प्रतियोगिताको अनुभव लिइसकेको छ । क्रिकेटको पावरहाउस मानिने ती राष्ट्रसँग पहिलोपटक खेलेको नेपालको खेललाई लिएर अन्तर्राष्ट्रियस्तरमै प्रशंसा भएको थियो । यद्यपि, ती राष्ट्रविरुद्ध अप्रत्यासित नतिजा निकाल्न सकेन । नेपालको लक्ष्य जितभन्दा पनि राम्रो प्रभाव छाड्ने रहेको थियो । त्यसमा भने नेपालले सफलता पायो ।

एक दिवसीय विश्वकप खेल्न नपाए पनि अब नेपालले टि-२० विश्वकप खेल्ने पक्का भइसकेको छ । भर्खरै नेपालमा सम्पन्न आइसिसी टि-२० विश्वकप एसिया क्षेत्र छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै नेपालले आगामी वर्ष हुने विश्वकपमा स्थान सुरक्षित गरेको हो । नेपालले समूहचरणका खेलमा ओमानसँग बाहेक सबै खेल जितेको थियो । सेमिफाइनलमा युएई प्रतिद्वन्दी पाएको थियो । उक्त खेल जित्नै पर्ने दबाबमा नेपाल थियो । र, घरेलु दर्शकको अपार समर्थनबीच मूलपानी क्रिकेट रंगशालामा युएईलाई पराजित गऱ्यो । युएईलाई हराएर नेपालले फाइनलमा मात्र स्थान सुरक्षित गरेन, टि-२० विश्वकपको यात्रा पक्का गऱ्यो । टि-२० विश्वकप आगामी वर्ष (सन् २०२४) अमेरिका र वेस्टइन्डिजमा आयोजना हुँदै छ । नेपालले १० वर्षपछि विश्वकपमा स्थान सुरक्षित गरेको हो । यसअघि सन् २०१४ को विश्वकपमा खेलेको थियो ।

विश्वकपमा स्थान सुरक्षित गरेको नेपालले फाइनलमा पनि उत्कृष्ट प्रदर्शन गऱ्यो । कीर्तिपुरस्थित त्रिवि अन्तर ाष्ट्रिय क्रिकेट मैदानमा नेपालले ओमानलाई पराजित गर्दै उपाधि जित्ने आशा भने पूरा हुन सकेन । नेपालसँगै विश्वकपमा छनोट भइसकेको ओमानले पनि त्यत्तिकै उत्कृष्ट प्रदर्शन गऱ्यो । टस जितेर पहिले ब्याटिङ गरेको नेपालले सम्मानजनक १८४ रन बनाउँदै ओमानलाई १८५ रनको लक्ष्य दिएको थियो । ओमानले पनि निर्धारित २० ओभर खेल्दै १८४ रन नै बनाएपछि खेल सुपरओभरमा धकेलियो । अन्ततः ओमानले सुपरओभरमा बाजी माऱ्यो । नेपाल उपविजेतामा सीमित बन्यो ।

नेपाली क्रिकेट टिमले उपाधि नजिते पनि आम क्रिकेट समर्थकको मन जितेको छ । कारण, टि-२० विश्वकप यात्रा सुनिश्चित भइसकेको छ र फाइनलमा पनि उत्कृष्ट प्रदर्शन रह्यो । नेपालले अब विश्वकपका लागि सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्छ । खेलाडीहरूलाई उत्साहित बनाइराख्न र पूर्ण तयार बनाउन सरकार र सरोकारवाला निकायले कुनै कुरामा कमी हुन दिनुहुँदैन । राम्रो लगानी गरे त्यस्तै प्रतिफल आशा गर्न सकिन्छ ।

# विपद् व्यवस्थापनमा मिडिया र सामाजिक सञ्जाल



» डा. केदार कार्की

सञ्चारमाध्यमले समाजको मानसिकतालाई प्रतिक्रियात्मकभन्दा पनि सक्रिय बनाउन नेतृत्वदायी भूमिका खेल्न सक्छ । यो सन्देशलाई आमजनताका लागि अझ मूल्यवान र विश्वसनीय बनाउने जिम्मेवारी पनि छ । सनसनीपूर्ण र प्रचारित समाचारले अराजकता र डरको रूपमा अर्को संकटलाई जन्म दिन सक्छ, थप घाटा निम्त्याउन सक्छ । विगत एक दशकमा यस क्षेत्रका अन्य देशहरूसँगै ब्रह्माण्डमा विद्युतीय सञ्चार च्यानलहरूको प्रवाह भएको छ ।

समाजमा घट्ने कुनै पनि घटनामा टिप्पणी गर्ने सामाजिक सञ्जालको वर्चस्वले कहिलेकाहीँ जनतामा कहर निम्त्याउँछ । जाजरकोट भूकम्पपछि नागरिक समाज र तिनका संस्थाले आफूलाई प्रस्तुत गर्ने शैलीमा सत्यता देखिन्छ । डोनोभनले सन् १९९० मा आमसञ्चारमाध्यमको भूमिकालाई विभिन्न अस्वास्थ्यकर अभ्यासका हानिकारक प्रभावहरूबारे मानिसहरूलाई जानकारी दिने वा शिक्षित गर्ने भनेर पहिचान गरे ।

मानिसहरूलाई पहिलेदेखि नै थाहा भएको नराम्रो प्रभावहरूको सम्झना गराउँदै र यस ज्ञानको क्षारतालाई कायम राख्दै । विभिन्न स्वस्थ जीवनशैली अभ्यासहरू अवलम्बन गर्न मानिसहरूको उत्प्रेरणालाई बढाउँदै, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्तिहरूलाई अन्य योगदानात्मक प्रभावहरूका लागि संवेदनशील वा पूर्वसूचना गरेर जैविक सुरक्षा उपायहरू । मद्दत कसरी प्राप्त गर्ने वा आफैंलाई कसरी मद्दत गर्ने भन्नेबारे आत्मसहायता जानकारी प्रदान गर्दै ।

मिडियाले जनतालाई थोरै अनुभव भएको विषयहरूको सन्दर्भमा नयाँ साझा विश्वासहरू सिर्जना गर्न सक्छ । मिडियाले विद्यमान मापदण्डहरू पनि परिवर्तन गर्न सक्छ र जसले गर्दा मानिसहरूलाई एक प्रकारको व्यवहारबाट अर्कोमा रूपान्तरण गर्न सकिन्छ । अहिले आजतक, जी न्युज र भारतको एभिपी च्यानलका रिपोर्टरले काठमाडौंबाट हालै आएको भूकम्पबाट भएको क्षतिको रिपोर्टिङ गर्दै उद्धार तथा राहतका विभिन्न एजेन्सीले पत्रकारिताको न्यूनतम आचारविहीनता बिर्सेर गलत सूचना सिर्जना गरी प्रचारबाजी गरिरहेका छन् । भारतबाहेक अरु एजेन्सीको कामलाई पनि उनीहरूले यो आन्दोलनमा भारतीय मात्र मुक्तिदाता भएको भन्दै बदनाम गरिरहेका छन् । कतिपय सञ्चारमाध्यमले पनि सुरक्षाकर्मीलाई घरेलु कामदारजस्तै हातपात गरिरहेका छन् । अब यो पत्याउन गाह्रो छ कि यी फसल मान्छे साँच्चै मिडिया व्यक्तिगत हो वा अरू केही । नभएको भए अन्य देशमा पत्रकारिताको न्यूनतम आचारसंहिता पालना गर्नुपर्थ्यो रिपोर्टिङ गर्दा ।

विगत दुई दशकमा प्राकृतिक तथा मानव निर्मित विपद्का कारण भोग्नुपरेको पीडाका कारण समसामयिक विश्वमा नयाँ अनुभूति भइरहेको छ । प्रविधिमा आधारित प्रणालीहरू प्रयोग गरी प्रभावकारी सञ्चारको माध्यमबाट जीवन र सम्पत्ति दुवैको हानिलाई अधिकतम सम्भावित स्तरसम्म न्यूनीकरण गर्ने सामान्य बुझाइ छ । समर्पित अन्तर्राष्ट्रिय सहयोग प्रणालीबाट विपद्का विपद्का असरबाट हुने मानवीय पीडालाई उल्लेख्य रूपमा न्यूनीकरण गर्न सकिने समाजशास्त्री तथा विज्ञहरूको धारणा छ ।

यो सहयोग सार्वजनिक सूचना र शिक्षाको वरिपरि घुम्छ; सुधारिएको चेतावनी प्रणाली; आपदा तयारी; र न्यूनीकरण । यी उपायहरू सुधारिएको सार्वजनिक सुरक्षा र कम आर्थिक नोक्सान सुनिश्चित गर्न उद्देश्य हो । यदि हामीले नजिकबाट अवलोकन गर्यौं भने, माथि उल्लिखित सबै उद्देश्यहरू प्राप्त गर्नका लागि सञ्चार सबैभन्दा महत्त्वपूर्ण माध्यम हो । हालैका वर्षहरूमा विपद् व्यवस्थापन दृष्टिकोणतिर एक उदाहरण परिवर्तन भएको छ । त्यो भनेको खतराहरूका लागि पर्खनु र पछि प्रतिक्रिया गर्नुको सट्टा सक्रिय रूपमा तयारी र योजना बनाउनु हो । प्रकोप स्ट्राइक अघि कुनै उपायहरू नगरेमा विपद्पछिको राहत अप्रभावी रहन्छ भन्ने बलियो अनुभूति पछि यो पूर्व-एम्प्टिभ दृष्टिकोण विकसित भएको छ । यो दाबी गर्न सकिन्छ कि तयारी वास्तवमा विपद्पछिको व्यवस्थापनको सबैभन्दा महत्त्वपूर्ण चरण हो ।

हालैको इतिहासमा, सञ्चार विपद् न्यूनीकरणको कारणका लागि महत्वपूर्ण साबित भएको छ । यसले डेटा व्यवस्थापन र विश्लेषण प्रविधिहरू मात्र प्रदान गरेको छैन तर खतराहरूको उत्पत्ति र व्यवहारको बारेमा हाम्रो ज्ञानलाई पनि बढाएको छ । हालैका वर्षहरूमा आमसञ्चारमाध्यमको आगमनले खतराहरूको प्रत्यक्ष कभरेज र शीघ्र रिपोर्टिङमार्फत मानिसहरूलाई सबैभन्दा प्रभावकारी रूपमा संवेदनशील बनाउन मद्दत गरेको छ । सञ्चारको महत्त्व बुझ्दै विभिन्न मानवीय संस्थाहरूले बलियो आन्तरिक र बाह्य सञ्चार (मिडिया) सम्बन्धका लागि जिम्मेवार सञ्चार विभागहरू स्थापना गरेका छन् ।

विपद् व्यवस्थापनका लागि नयाँ सञ्चार प्रविधिका अनुसार मानवीय प्रयासको सफलता धेरै हदसम्म सञ्चारमाध्यमसँगको संस्थाको बुझाइ र सम्बन्धमा निर्भर हुने विश्वास गरिन्छ । त्यहाँ जोखिम न्यूनीकरण र विपदपछिका गतिविधिहरू छन्, जुन प्रत्यक्ष रूपमा आमसञ्चारमा निर्भर हुन्छन् । यी गतिविधिहरू जोखिम र प्रतिक्रियाहरूको बारेमा जनचेतना सिर्जना गर्नमा केन्द्रित छन् । प्रारम्भिक चेतावनी दिन, निकासी योजनाहरू र प्रकोपपछिका गतिविधिहरूलाई मद्दत गर्न विभिन्न उन्नत सञ्चारमाध्यमहरू प्रयोग गर्न सकिन्छ ।

सञ्चारमाध्यमले समाजको मानसिकतालाई प्रतिक्रियात्मकभन्दा पनि सक्रिय बनाउन नेतृत्वदायी भूमिका खेल्न सक्छ । यो सन्देशलाई आमजनताका लागि अझ मूल्यवान र विश्वसनीय बनाउने जिम्मेवारी पनि छ । सनसनीपूर्ण र प्रचारित समाचारले अराजकता र डरको रूपमा अर्को संकटलाई जन्म दिन सक्छ, थप घाटा निम्त्याउन सक्छ । विगत एक दशकमा यस क्षेत्रका अन्य देशहरूसँगै ब्रह्माण्डमा विद्युतीय सञ्चार च्यानलहरूको प्रवाह भएको छ । विद्युतीय सञ्चारमाध्यमले देशका हरेक कुना-कुनामा उपस्थित भई जनसमुदायको पहुँच पुऱ्याएको छ र विचार निर्माणमा व्यापक भूमिका खेलिरहेको छ ।

इलेक्ट्रोनिक मिडिया (विद्युतीय सञ्चार)ले गर्न सक्ने एउटा प्रमुख योगदान भनेको दुर्गम र प्रकोप-प्रवण क्षेत्रहरूमा पूर्वचेतावनी प्रणालीको स्थापना हो । रेडियो च्यानलहरूले मुख्य भूमिका खेल्न सक्छन्, किनकि तिनीहरूको पहुँच धेरै दुर्गम क्षेत्रहरूमा छ । मिडियाको योगदानले अझ बलियो समुदायको विकास गर्न सक्छ, जुन विपद् तयारी र न्यूनीकरणका बारेमा बढी सचेत र शिक्षित छ । नियमितरूपमा आउने भूकम्पका विरुद्धमा देश एकजुट भएर उभिएको जापानको उदाहरण हामीले देख्न सक्छौं ।

देशैभरि सञ्चारमाध्यमहरूले उत्पादन र प्रसारण गर्ने निरन्तर सचेतनामूलक कार्यक्रमहरू, तालिम र अभ्यासहरू भइरहेका छन् । राज्यभित्र राम्रो विपद् व्यवस्थापन प्रणालीको समग्र प्रवर्द्धनमा मिडियाको भूमिका महत्त्वपूर्ण हुन्छ । सूचना प्राप्त गर्ने व्यक्तिको मुखको वचनभन्दा लिखित सन्देशमा बढी विश्वास हुने गरेको देखिएकाले छापा माध्यमको भूमिकालाई बेवास्ता गर्न मिल्दैन । पत्रपत्रिकामा दिइने जानकारीलाई भरपर्दो सल्लाहका रूपमा लिइन्छ र मानिसहरूले यसलाई अझ गम्भीरताका साथ लिन्छन् । विपद् पूर्व र पछिका गतिविधिहरूमा अर्को धेरै उपेक्षित पक्ष मानवीय संस्थाहरू, विकास साझेदारहरू र राज्य निकायहरू बीच सञ्चार र समन्वयको अभाव हो । यसले विशेषगरी संवेदनशील क्षेत्रहरूमा प्रभावकारी कामको अभावका साथै प्रयासहरूको दोहोरोपन निम्त्याउँछ । विभिन्न संस्थाहरूबीच सुधारिएको सञ्चार अनिवार्य छ, तर त्यो पूर्व-जोखिम अवधिमा मात्र सम्भव छ । त्यस्ता समन्वयका लागि केन्द्रित व्यक्ति र विभागहरू पहिचान गर्नुपर्छ । विपद् न्यूनीकरण वा प्रतिक्रियाका लागि, फोकल व्यक्तिहरूले प्रभावकारी उपायहरूका लागि साझेदार संस्थाहरू र सरकारी अधिकारीहरूसँग सम्पर्कमा रहन सक्छन् ।

निजी सञ्चार समूह तथा च्यानलहरू र सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको व्यावसायिक स्वार्थ भएता पनि विपद्को अवस्थामा मिडियाको भूमिका नैतिक र नैतिक आयामहरूमा आधारित हुनुपर्छ । यो एउटा यस्तो क्षेत्र हो जहाँ सञ्चारमाध्यमले सूचना प्रवाह गर्न धेरै जिम्मेवार हुनुपर्छ । यसले जनताको विश्वास जित्नैपर्छ, र भरपर्दो जानकारीको प्रावधानले उद्देश्य पूरा गर्नेछ । सञ्चारमाध्यमले सही समयमा सही सूचना र सही सन्देश मात्र नभई एकता र विश्वासको वातावरण पनि सिर्जना गर्नुपर्छ । यसले कुनै पनि विपद्बाट उत्पन्न चुनौतीहरूको सामना गर्न समाजका सबै वर्गको सामूहिक दायित्वलाई अभिवृद्धि गर्न मद्दत गर्नेछ ।

*(लेखक वरिष्ठ पशु चिकित्सक हुन्)*

### मननयोग्य

## चाणक्य नीति

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियो. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे ।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गन्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिंडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिंडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे ।

पत्र-मञ्जषा

## कहिले हट्ला स्वास्थ्य क्षेत्रको बेथिति

नेपालका नेताहरू सामान्य ग्यास्ट्रिकले च्यापे पनि उपचार गर्न विदेश पुग्छन् । राज्यको ढुकुटीबाट करोडौं रूपैयाँ खर्च गर्छन् । जनताले तिरेको करबाट उनीहरू विदेशी अस्पतालमा गएर उपचार गराउँछन् । तर, त्यही जनता यहाँ उपचार नपाएर छटपटाइरहेको नेताहरूले देख्दैनन् । सरकारी अस्पतालको अवस्था हेरिसाध्य छैन । न डाक्टर छन् न उपचार गर्ने उपकरण । यता, सरकारी अस्पतालकै शुल्क पनि एकदमै महँगो छ । गरिब जनताहरू त्यो 'अफोर्ड' गर्न सक्दैनन् ।

स्वास्थ्य व्यक्तिको आधारभूत हकअधिकारमा पर्छ । यद्यपि, नेपाली नागरिकहरू चर्को शुल्क तिरेर उपचार गराउन बाध्य छन् । पैसा नहुनेहरू रोग च्यापेर बस्न बाध्य छन् । पछिल्लो समय मुलुकमा दीर्घकालीन रोगीहरू निरन्तर बढिरहेका छन् । कलेजो, मृगौला, फोक्सो, मेरुदण्ड, क्यान्सरलगायतका रोग थुप्रैमा देखिन थालेका छन् । अधिकांश महिलाहरू स्तन र पाठेघर क्यान्सरबाट पीडित छन् । यी रोगको उपचार एकदमै महँगो भएकाले कतिपय रोग पालेर बसेका छन् ।

सरकारले यस्ता रोगीहरूलाई निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउनुपर्ने हो । विडम्बना, नेताहरूले आफ्नो रोग देखे तर नागरिकहरू रोगले तड्पिएको देखेनन् । दीर्घकालीन रोग लागेकाहरूको अन्तिम विकल्प नै मृत्यु बनेको छ । पैसा नभएपछि के गर्ने ? उपचार नपाएपछि मर्नुबाहेक अन्य कुनै विकल्प नै रहँदैन । आर्थिकस्तर अलिक राम्रै भएकाले पनि आफ्नो घरखेत सकाउँछन् तर पनि पुगे त हुन्थ्यो । नेतामात्र होइन सरकारी कर्मचारीले पनि नेपालमै सहुलियतमा उपचार गर्न पाउँछन् ।

सरकारी कर्मचारीका निम्ति सरकारले थुप्रै अस्पताल खोलेको छ । यहाँ उपचार सम्भव भएन भने विदेशमा गएर उपचार गर्ने व्यवस्थासमेत मिलाइएको छ । तर, जनताले यहाँ के पाउँछन् ? कर तिर्ने त आखिरी जनता हुन् नि । त्यही करमा नेतादेखि सरकारी कर्मचारीले मोजमस्ती गरेका छन् अनि मर्नुपर्नेचाँहि सधैं जनता ? सरकारी अस्पताल भनिएको छ तर निजीसरह नै शुल्क लिइन्छ । त्यही माथि डाक्टर, नर्स पनि त्यस्तै छन् । अन्य मुलुकमा जनता ठूलो हुन्छन् ।

नेता र कर्मचारी जनताको सेवक हुन्छन् । तर, हाम्रो मुलुकमा नेता र सरकारी कर्मचारीलाई जनता उपचार नपाएर मरेपनि कुनै मतलब छैन । गरिब जनताहरूको अवस्था न सरकारले देख्यो न सरकारी कर्मचारीले । विश्व २१औं शताब्दीमा दौडिरहेको छ तर नेपालमा उपचार नपाएर पेट्रोल खन्याएर मर्नुपर्ने बाध्यताको अन्त्य अझै पनि हुन सकेको छैन । अस्पताल लैजानसक्ने क्षमता नभएपछि बाबुआमाले आफ्नै छोराछोरीलाई साङलोले बाँधेर राखेका छन् ।

कसैलाई वर्षौंदेखि थुनेर राखिएको छ । कोही उपचार नपाएर मर्ने दिन कुरेर बसेका छन् । पीडा सहन नसकेर कतिपयले विष सेवन गरेर प्राण त्यागेका छन् । सरकारले स्वास्थ्य बिमाको योजना ल्याएको छ । त्यो स्वास्थ्य बिमा कस्ता व्यक्तिका लागि हो ? स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पहिला यो स्पष्ट पारिदिनुपऱ्यो । किनकि बाठाटाठाहरूले बिमा गरेका छन् । गरिब जनतालाई स्वास्थ्य बिमा भनेकै थाहा छैन । फेरि बिमा गर्नलाई पनि पैसा चाहियो ।

सरकारी जागिरेहरूले बिमा गराउँदै आएका छन् । जसलाई सरकारले अस्पतालमासमेत सहुलियत प्रदान गरेको छ । काठमाडौंमा करोडौंको सम्पत्ति भएकाहरूले पनि स्वास्थ्य बिमाबाट फाइदा उठाइरहेका छन् । स्वास्थ्य बिमाको नाममा पनि हुनेखानेलाई पोस्ने काम भइरहेको छ । गरिब जनता यहाँ पनि हेरेको हेऱ्यै भए । सरकारले स्वास्थ्य बिमा गर्दा आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकतामा राख्नुपर्थ्यो । किन कि हुनेखानेले आफ्नै खर्चले उपचार गराउन सक्छन् ।

स्वास्थ्य बिमाको योजना कार्यान्वयनमा ल्याएपछि स्वास्थ्य क्षेत्रमा एकदमै बेथिति बढेको छ । अस्पतालहरूले सय जनाको उपचार गराएर हजार जनाको बिल बनाउने गरेका छन् । सरकारसँग पैसा ल्याउँदै खाने काम अस्पतालहरूद्धारा भइरहेको छ । यता, अस्पतालले सरकारबाट आएको औषधिसमेत मेडिकलमा बेचेर पैसा खाने काम गर्दै आएका छन् । बिरामीलाई औषधि सकियो भन्ने अनि सरकारबाट आएको औषधि मेडिकललाई बेच्ने । स्वास्थ्य चौकीमा निःशुल्क उपचार र निःशुल्क औषधिको व्यवस्था सरकारले मिलाएको छ ।

तर, जनताले ती औषधि सित्तैमा पाइरहेका छन् त ? सरकारले कहिले अनुगमन गरेको छ ? जनता औषधि लिन जाँदा सकियो भन्दै खाली हात फर्काउने कर्मचारीले औषधि मेडिकललाई बेच्ने गरेका छन् । अधिकांश सरकारी अस्पतालमा स्वास्थ्यकर्मी भेटिदैनन् । स्वास्थ्य चौकीको हात पनि त्यस्तै छ । जनताले तिरेको करबाट तलब खान्छन् तर कामचाहिँ निजीमा गर्छन् । हाजिर गर्ने अनि कुलेलाम ठोक्ने । त्यस्ता स्वास्थ्यकर्मीलाई कसले कारबाही गर्ने ?

***रमेश कार्की***
***हेटौंडा, मकवानपुर***

**जानकारी**

**अब य दनिकल हरक दिन पत्र–मञ्जषा तम्भ रू गरकाल पाठक वगहरूल आफूल चाहका विषय वत, रकारी निकायका काम कारबाही वा पत्रिकामा म्प्रषण भएका माचारका बारमा पत्र लख्न भएमा त्यलाइ जताका त्यत प्रकाशन हन जानकारी गराइन्छ ।**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# चोचे टोलका सबै घर ध्वस्त

**भेरीगंगा (सुर्खेत)–** जाजरकोट जिल्लाको नलगाड नगरपालिका-१ को चिउरी गाउँको चोचे टोल शुक्रबार राति आएको भूकम्पले ध्वस्त भएको छ । अधिकांश दलित समुदाय रहेको यो बस्तीमा १८६ घरधुरी रहेकामा अधिकांश घर पूर्णरूपमा र केही घर आशिंकरूपमा क्षति भएपछि चोचे टोलका सबै नागरिक घरबारविहीन भएका हुन् ।

खलंगाबाट डेढघण्टाको दूरीमा रहेको यो गाउँका बाँकी रहेका अन्य घर पनि बस्न नमिल्ने गरी चिराचिरा परेका छन् । यहाँका सबै घर ध्वस्त भइसकेका छन् । पीडित अविलाल विकले भने, 'हाम्रो यो गाउँमा अधिकांश दलित समुदाय बस्दै आएका थियौं, वर्षामासमेत पहिरोले जोखिम पारेको हाम्रो टोललाई अस्ति आएको भूकम्पले स्वाहा नै बनायो ।'

अहिले यो टोलका ७०० व्यक्ति घरबारविहीन भएको उनले बताए । विकले भने, 'हामी घरबारविहीन भयौं आफन्त गुमायौं, खानेकुरा घरमै पुरियो, लाउने कपडा पनि पुरियो, अस्तिदेखि भोकभोकै छौं । केटाकेटी चिसोले हैरान भइसके ।' उनीजस्तै चोचे गाउँका सबै व्यक्तिको पीडा त्यस्तै छ । उनीहरूले अब आफन्त गुमाए पनि बाँचेकाको लागि गाँस र बाँसको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन् ।

### चोचे टोलमा १४ जनाको मृत्यु

यो टोलमा भूकम्पमा परी १४ जनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको छ । मृत्यु हुनेमा पाँच बालबालिका, सात २० वर्ष माथिका र अन्य दुईजना ज्येष्ठ नागरिक रहेको प्रहरीले बताएको छ ।

तेह्र जनाको भूकम्पमा परी घटनास्थलमै मृत्यु भएको र एक जनाको उपचारका क्रममा नेपालगञ्जमा मृत्यु भएको थियो । मृत्यु भएका अधिकांश व्यक्ति भारतमा रोजगारीका लागि गएर फर्किएका थिए । उनीहरू तिहार मनाउन घर फर्किएकामा तिहार मनाउन नपाउँदै मृत्यु भयो ।

स्थानीयवासी हीरा चङ्दाराको भदै तिहार मनाउन भारतबाट घर आएका थिए । चाडबाडमा रमाइलो मनाउन गाउँ फर्किएका उनको भूकम्पमा परी मृत्यु भयो । त्यसैगरी अन्य व्यक्ति पनि चाडबाडका लागि भारतबाट घर आएका थिए तर भूकम्पका कारण गाउँका सबैजनाको खुसी र हाँसो आँशुमा परिणत भएको छ ।

केही घरका त परिवारका सबै सदस्यको मृत्यु भएको छ । भिउसन कुमाइँको चार जनाको परिवारको भूकम्पमा परेर मृत्यु भएको छ । भकम्पमा परेर मृत्यु भएका यो गाउँका १३ जनाको दाहासंस्कार हुनसमेत ढिलाइ भएको थियो । उनीहरूलाई निकाल्न नै समय लागेकाले दाहासंस्कार आइतबार गरिएको हो । यो गाउँका पीडितलाई राहत र पुनःस्थापनाका लागि कुनै कसर बाँकी नराख्ने कर्णाली प्रदेश सरकारले प्रतिबद्धता जनाएको छ । *रासस*

# ब्रोम्दिङलाई 'ब्राण्डिङ' गर्न पर्यटन महोत्सव

**धादिङ (प्रस)–** जिल्लाको ब्रोम्दिङलाई पर्यटकीय गन्तव्यको रूपमा ब्राण्डिङ गर्ने उद्देश्यले आयोजित 'ब्रोम्दिङ पर्यटन महोत्सव' सम्पन्न भएको छ । दुई हजार ८० मिट उचाईमा रहेको ब्रोम्दिङ डाँडामा बुधबार पहिलोपटक पर्यटन महोत्सव आयोजना गरिएको हो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, अर्थमन्त्री बहादुरसिंह लामा, पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजाल, बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्ण थपलिया (विवेक)लगायतले ब्रोम्दिङ पर्यटन महोत्सवमा पर्यटकका लागि नयाँ र उत्कृष्ट गन्तव्य ब्रोम्दिङको 'एक्सप्लोर' गरेका हुन् । बेनीघाट रोराङ गाउँपालिका र एनटिपी मल्टिमिडिया ग्रुपले संयुक्त रूपमा आयोजना गरेको महोत्सवमार्फत शैलुङ र दामनको विशेषता भएको ब्रोम्दिङ पर्यटकका लागि नयाँ र 'भर्जिन' गन्तव्य घोषणा गरिएको छ ।

ब्रोम्दिङको प्रवर्द्धन गर्न काठमाडौंबाट पर्यटन बोर्डका उपाध्यक्ष रिजाल र नाट्टाका निवर्तमान अध्यक्ष अच्युत गुरागाईको नेतृत्वमा पत्रकार, कलाकार र सरोकारवाला तथा एक्सपल्स राइडर्स नेपाल, क्लबका अध्यक्ष कुन्दन श्रेष्ठको नेतृत्वमा २५ जना राइडर्स ब्रोम्दिङ पुगेका थिए । पहिलोपटक काठमाडौंबाट गएको सरोकारवालासहितको ब्रोम्दिङ एक्सप्लोर गरेपछि आन्तरिक पर्यटक बढ्ने अपेक्षा गरिएको छ । काठमाडौंदेखि पाँच-छ घण्टाको यात्रामा ब्रोम्दिङ पुग्न सकिन्छ । ब्रोम्दिङबाट अन्नपूर्ण, गणेश हिमाललगायत हिमशृंखला अवलोकन गर्न सकिन्छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ZAYED GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०४/११ पूर्व स्वीकृति मिति २०८०/०७/१९ LT. No. : 289866 चलानी नं.६०२०५२३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1100 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1400 | ५०,४१० | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 4 | General Clean Worker | 2 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 5 | Heavy Vechicle Driver | 2 | 0 | 1900 | ६८,४१५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 7 | Marble Technician | 2 | 0 | 1100 | ३९,६१० | | | | | | | |
| 8 | Specialist Recruitment | 2 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 9 | Supervisior | 9 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 10 | Tile Maker | 1 | 0 | 1100 | ३९,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५९३/०७९/०८०

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara, Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



# Shivanath Rural Municipality
## Office of the Rural Municipal Executive
### Shivanath, Baitadi

## INVITATION FOR THE BIDS

*Date of publication: November 06th, 2023 (2080/07/20)*

1. ***Shivanath Rural Municipality, Office of the Rural Municipal Executive*** invites Electronic sealed bids from eligible bidders for the Construction of Various Project mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 03/SRMUN/ WORKS/ 2080/081 | Auditorium Hall Construction Works at Shivanath RM Office Block B 1st Floor | 30,00,351.72 | 90000/- | 3000/- | • Hard Copy Not Acceptable • Last Date and Time of Bid Submission:- December 06th, 2023 (2080/08/20) 12:00 Noon • Date and Time of Bid Opening: December 06th, 2023 (2080/08/20) 13:00 Hours |
| 2 | 04/SRMUN/ WORKS/ 2080/081 | Construction and Upgrading Works of Khulpur Sports Ground at Shivanath Ward 02 Khulpur. | 21,38,874.14 | 65000/- | 3000/- | |
| 3 | 05/SRMUN/ WORKS/ 2080/081 | Bhadigada Irrigation Cananl and Pond Construction at Shivanath,Ward 05Bhadigada | 34,20,958.07 | 100000/- | 3000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Shivanath Rural Municipality** Office, Sullekhan, Baitadi, Email: ***ito.shivanathmun@gmail.com***, Phone no. 9858784452 or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp***.
3. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: Shivanath Rural Municipality, Office Account no.: **41895241207004** (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
4. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before12:00 Noon on 2080/08/20 (December 06th, 2023).Bids received after this deadline will be rejected.
5. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REFRESHMENT TRADING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८०/०७/१९ LT. No. 294476 चलानी नं.६०२०९८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 100 | ४३१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSAWAED ALQAWIYAH FACTORY FOR READY MADE CONCRETE

पूर्व स्वीकृति मिति : २०८०/०६/३० LT. No. 294077 चलानी नं. ६०२०९५५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 2000 | ७०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066

**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ LT. No. 289726 चलानी नं. ६०२०४९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TANZIFCO COMPANY WLL

पूर्व स्वीकृति मिति २०७८/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ LT. No.259772 चलानी नं.६०१७६०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Cleaner | 1 | 0 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TANZIFCO COMPANY W.L.L.

पूर्व स्वीकृति मिति २०७९/०५/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ LT. No.271975 चलानी नं.६०१८७७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 2 | 1 | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** निःशुल्क कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL- EZZ HOSPITALITY AND INVESTMENT

पूर्व स्वीकृति मिति २०८०/०७/१९ LT No. 294717 चलानी नं. ६०२०९८१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 3 | 140 | ४८,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

प्रभाव दैनिक

सोमबार, २० कात्तिक २०८० (Monday, November 6, 2023)


## रूपशाला

### 'हे हर्क...' गीतको म्युजिक भिडियो सार्वजनिक

धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङप्रति समर्पित गीत 'हे हर्क अघि बढ पछि नफर्क' को म्युजिक भिडियो सार्वजनिक भएको छ । सेवक अभियानका संयोजक राजिव हलवाईको रचना तथा निरज श्रेष्ठको संगीत रहेको उक्त गीतमा राजेश पायल राईले स्वर दिएका छन् । गीत सार्वजनिक गर्न बिहीबार आयोजित कार्यक्रममा मेयर साम्पाङ आफ्नो परिवारसहित सहभागी भएका थिए । मेयर साम्पाङको श्रम अभियानबाट प्रभावित भई यो गीत तयार पारिएको बताइएको छ ।




# 'अञ्जिला' छायांकनमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल महिला राष्ट्रिय फुटबल टोलीकी गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवनबाट प्रभावित भएर चलचित्र 'अञ्जिला'को निर्माण गरिएको छ । गत सातादेखि खेलाडी सुब्बाकै जन्मथलो इलामको आइतबारे आसपासमा यसको छायांकन भइरहेको निर्देशक मिलन चाम्सले जानकारी दिए ।

'प्रेरणाको स्रोत बन्न सक्ने व्यक्तिको कथा हामीले भन्न जरुरी छ, मैले दोस्रो बायोपिक निर्देशन गरेको हुँ,' निर्देशक चाम्सले भने, 'अञ्जिलाले गरेको संघर्ष र प्राप्त गरेको सफलताले धेरैलाई प्रेरणा दिनेमा विश्वस्त छु, यो उनको जीवनीमा आधारित रहेता पनि प्रस्तुतीकरण फिल्मी शैलीमै छ ।'

नेपालमा जीवनीबाट प्रभावित (बायोपिक) चलचित्र बन्ने क्रमले केही समययता निरन्तरता पाएको छ । भारतसँगै हलिउडमा त्यस्ता चलचित्र धेरै नै बन्ने गरेको पाइएता पनि नेपालमा भने त्यो संख्या न्यून छ ।

व्यापारिकरूपमा त्यस्ता चलचित्र असफल हुँदा निर्माताले आँट गर्न सकेका छैनन् । दुवै आँखाको ज्योति गुमाएर पनि धेरैको जीवन जिउने प्रेरणा बन्न सफल सृष्टि केसीको जीवनीमा 'ब्लाइड रक्स' चलचित्र निर्देशन गरेका निर्देशक चाम्सले पुनः अर्को चलचित्र तयार गरिरहेका छन् ।

उनले यसअगाडि गोर्खालीको वीरताको कथामा 'गोर्खा वारियर' निर्देशन गरेको थियो । इलाम, झापा र काठमाडौंमा छायांकन हुने चलचित्रमा खेलाडी सुब्बा स्वयंले आफ्नो भूमिका निर्वाह गरिरहेको छ । यसमा दयाहाङ राई, मिरुना मगर, सिर्जना सुब्बा, पशुपति राई, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल, हरि खड्कालगायतले पनि अभिनय गरिरहेका छन् ।

चलचित्रमा यम थापाको लेखन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको छायांकन निर्देशन रहेको छ ।

# दोस्रो चरणको क्यानभास चित्र प्रदर्शनी माघमा



**खोटाङ–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा 'मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्लेन एयर कार्यशाला तथा कला प्रदर्शनी-२०८०' अन्तर्गत दोस्रो चरणको प्रदर्शनी कार्यक्रम गर्ने भएको छ । नेपालसहित विभिन्न १४ देशका ४३ जना ख्यातिप्राप्त चित्रकारले क्यानभासमा उतारेका चित्रहरूलाई नगरपालिकाले काठमाडौंस्थित नेपाल आर्ट काउन्सिल बबरमहलको सभाहलमा आगामी माघ १० गतेदेखि १५ दिनसम्म प्रदर्शनी गर्ने भएको हो ।

गत असोज १७ गतेदेखि २१ गतेसम्म दिक्तेल बजारमा पहिलो चरणअन्तर्गत आयोजना गरिएको कार्यक्रममा नगरपालिको १५ वटै वडा तथा जिल्लाका अन्य नौ स्थानीय तहका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूलाई चित्रकारले लाइभ क्यान्भासमा उतारेका चित्रलाई प्रदर्शनीमा राखिने आयोजकले जनाएको छ ।

नेपाल, अस्ट्रेलिया, बंगलादेश, भुटान, चीन, इजिप्ट, भारत, जापान, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामबाट आएका चित्रकारले दिक्तेल बजारको विभिन्न चोक तथा किराँत ऐतिहासिकस्थल मझुवागढी, शुभम् फाउन्डेसन र जालपामा पुगेर १० ९ तथा अन्य विभिन्न ठाउँमा बसेर ४१ वटा क्यान्भास चित्र उतारेका नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए ।

जिल्लाको धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन गर्ने उद्देश्यले उतारिएका क्यानभास चित्र प्रदर्शनी कार्यक्रमको प्रमुख अतिथ्यता लागि राष्ट्रपति पौडेललाई औपचारिकरूपमा पत्रसमेत प्रदान गरिएको उनले बताए । 'हामीले गरेको निम्तोलाई राष्ट्रपतिज्यूले सहर्ष स्वीकार गरेको छ । राष्ट्रपतिज्यूकै सल्लाहअनुसार आगामी माघ १० गतेदेखि प्रदर्शनी गर्ने योजना बनाएका छौं । राष्ट्रपतिज्यूको अनुकूलमा कार्यक्रम तय हुन्छ,' नगरप्रमुख भट्टराईले भने, 'हामीले अन्तर्राष्ट्रियस्तरको चित्रकला कार्यशाला भव्यतापूर्वक सम्पन्न गरेकामा राष्ट्रपतिज्यूले नगरपालिकालाई बधाईसमेत दिए । कला, साहित्य र संगीतले विश्वजगत्लाई जोड्ने भएकाले खोटाङमा यस क्षेत्रको विकासका लागि राष्ट्रपतिले आफ्नोतर्फबाट सहयोग गर्ने वचनसमेत दिएका छन् ।'

राष्ट्रपति पौडेलसँग नगरप्रमुख भट्टराईको नेतृत्वमा शीतलनिवास गएका प्राज्ञ धनबहादुर याख्खा र विजय थापा, वरिष्ठ चित्रकार रतनकुमार राई, किरण सिजु, विनिता इजमले भेटवार्ता गरेका थिए । क्यानभास चित्र प्रदर्शनी कार्यक्रममा खोटाङका किराँत राई, तामाङ, नेवार र क्षेत्री/ब्राह्मणको सांस्कृतिक झाँकी, पुस्तक विमोचन, चित्रकारलाई सम्मानलगायत कार्यक्रम गरिने नगरपालिकाले जनाएको छ ।

जिल्लाको धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको विकास गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको १८ लाख रूपैयाँ खर्चमा चित्रकला कार्यशाला तथा कला प्रदर्शनी कार्यक्रम आयोजना गरिएको नगर उपप्रमुख विशन राईले जानकारी दिए । 'स्वदेश तथा विदेशका ख्यातिप्राप्त चित्रकारले उतारेका चित्रहरू हाम्रो नगरपालिकाको सम्पत्ति हो । यसलाई नगरपालिकाको लगानीमा संग्रहालय बनाएर राख्ने योजना बनाएका छौं,' उनले भने, 'चित्रकारले प्रत्यक्षरूपमा कोरेका चित्रहरू नगरपालिकाको आम्दानीको आन्तरिक स्रोत हो । तत्कालका लागि यसबाट प्रत्यक्ष फाइदा नदेखिए पनि हामीले इतिहास निर्माण गरेका छौं ।'

जिल्लामै पहिलोपटक आयोजना गरिएको चित्रकला कार्यशाला कार्यक्रमको हजारौंले अवलोकन गरेका उपप्रमुख राईले बताए । कार्यक्रम अवलोकन गर्न आएका अधिकांश सहभागीले नगरपालिकाको यो कार्यक्रम प्रभावकारी भएको प्रतिक्रिया दिएका उनको भनाइ थियो ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका र धनु आर्ट फोटो स्टुडियो काठमाडौंको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रम अवधिभरको खाना, खाजा तथा वासलगायतको खर्च शुभम् फाउन्डेसनले निःशुल्क उपलब्ध गराएको छ । फाउन्डेसनमा अध्ययन गर्ने विद्यार्थीले विदेशी पाहुनाका लागिसमेत उपयुक्त हुने 'होमस्टे' घरबाससहितको 'गेष्ट हाउस' पाहुना घरसमेत सञ्चालन गरेका छन् । विदेशी पाहुनाका लागि दिक्तेलमा उपयुक्त होटल नभइरहेकाले विद्यार्थीले गेष्ट हाउस सञ्चालन गरेको बताएका छन् । *रासस*

## रंगशाला

आइसिसी टी-२० विश्वकप छनोट

# नेपाल उपविजेतामा सीमित

## सुपरओभरमा नेपाललाई हराउँदै ओमानले जित्यो उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी टी-२० विश्वकप एसिया क्षेत्र छनोट प्रतियोगिताको उपाधि ओमानले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार भएको फाइनलमा नेपाललाई सुपर ओभरमा पराजित गर्दै ओमानले उपाधि हात पारेको हो ।

निर्धारित २० ओभरको खेल बराबरीमा टुंगिएपछि खेल सुपर ओभरमा पुगेको थियो । सुपर ओभरमा पहिले ब्याटिङ गरेको ओमानले २१ रन बनायो । बाइस रनको लक्ष्य पछ्याएको नेपालले पहिलो बलमा कुशल भुर्तेलको विकेट गुमायो । ओमानका लागि बिलाल खानले दोस्रो बल डट राखे भने तेस्रो र चौथो बलमा नेपालले एक/एक रन बटुल्यो । पाँचौं र छैटौं बलमा कुशल मल्लले लगातर दुई चौका प्रहार गरे पनि नेपालको जितका लागि त्यो पर्याप्त भएन र उपाधि ओमानले जित्यो ।




त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा उत्रिएको ओमानले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १८४ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

ओमानका लागि कश्याप प्रजापतिले ५२ बलमा तीन चौका र चार छक्कासहित ६३ रन बनाए । कप्तान जिशान मकसुदले १८ बल खेल्दै दुई चौका र एक छक्का प्रहार गर्दै २६ रन बनाए । अकिब इल्यास १९ बलमा दुई चौका र तीन छक्कासहित ३३ रन बनाए भने प्रतीक अथावाले सात रन जोडे ।

नेपालका लागि सन्दीप लामिछाने र करन केसीले दुई/दुई विकेट लिए भने सोमपाल कामी, गुल्शन झा, अविनाश बोहोरा र विवेक यादवले एक/एक विकेट लिए ।

नेपालको इन्डिङसमा गुल्शन झाले २५ बलमा चार छक्का र पाँच चौकाको मद्दतमा ५४ रनको योगदान दिए । नेपालले पाँचौं विकेटका रूपमा गुल्शनलाई गुमाएको थियो । त्यस्तै कप्तान रोहित पौडेलले अविजित ५२ रन बनाए । उनले ३७ बल खेल्दै पाँच चौका र दुई छक्काको मद्दतमा ५२ रन बनाएका हुन् ।

नेपालले पहिलो विकेटका रूपमा आशिफ शेखलाई गुमायो । छ बल खेलेको आशिफले एक छक्का प्रहार गरे । बिलाल खानको तेस्रो ओभरको चौथो बलमा आसिफ शेख कश्यप प्रजापतिबाट क्याच आउट भए । त्यस्तै नेपालले दोस्रो विकेटका रूपमा सन्दीप जोरालाई गुमायो । सन्दीपले १० रन बनाए । उनले १३ बलमा एक चौका प्रहार गरे । जिसन मक्सुदको बलमा सन्दीप आउट भएका हुन् ।

यसैगरी कुशल भुर्तेललाई नेपालले तेस्रो विकेटका रूपमा गुमायो । कुशलले ३१ रन बनाए । उनले २२ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । उनी अकिब इलियासको बलमा आउट भए । चौथो विकेटका रूपमा अकिब इलियासले कुशल मल्ललाई तीन रनमा आउट गरे ।

त्यसैगरी विवेक यादवले तीन रन बनाएर आउट भए भने करन केसिले अविजित २० रन जोडे । बलिङतर्फ ओमानका बिलाल खानले तीन र अकिब इलियासले दुई विकेट लिए । त्यस्तै जिसन मक्सुदले एक विकेट लिए । यसअघि भएको समूह चरणको अन्तिम खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो ।

सेमिफाइनलमा नेपालले युएई र ओमानले बहराइनलाई हराउँदै अगामी वर्ष वेस्ट इन्डिज र अमेरिकामा हुने विश्वकपमा स्थान सुरक्षित गरेका थिए । नेपाल १० वर्षपछि विश्वकपमा पुगेको हो ।


# पौडी महासंघका अध्यक्ष हुसेन नेपाल आउँदै

**काठमाडौं (प्रस)–** नेपाल पौडी संघको निमन्त्रणामा अन्तर्राष्ट्रिय पौडी महासंघ (वर्ल्ड एक्वाटिक्स)का अध्यक्ष क्याप्टेन हुसेन अल मुसलम नेपाल भ्रमणमा आउँदै छन् ।

पौडी खेलको विकास र विस्तार गर्ने क्रममा विभिन्न देशको भ्रमणमा रहेका अध्यक्ष हुसेनले नेपालमा पौडी तथा एक्वाटिक्स खेलको विकासका बारेमा जानकारी लिने र पौडी तथा एक्वेटिक्स खेलको विकासलाई कसरी अझै अगाडि बढाउन सकिन्छ भन्ने बारेमा पौडी संघका पदाधिकारीहरू र सम्बन्धितसँग छलफल गर्ने कार्यक्रम रहेको छ ।

अध्यक्ष हुसेन यही कात्तिक २१ गते मंगलबार बिहान ८ बजे काठमाडौं अवतरण गर्ने कार्यक्रम रहेको नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले जानकारी गराएका छन् । अध्यक्ष हुसेनको भ्रमणले नेपालका पौडी खेल तथा त्यससँग सम्बन्धित अन्य खेलको विकासमा सहयोग पुग्ने अध्यक्ष बज्राचार्यले बताए ।

यसै क्रममा नेपालमा पौडी खेल लगायत एक्वाटिक्स खेलको विकासका लागि महासंघका कोचिङ एडभाइजर जेम्स गिब्सन र मिस पर्निल ब्लुम (ओलम्पिक तथा वर्ल्ड च्याम्पियन) पनि आज सोमबार नेपाल आउँदै छन् । उनीहरू आज बिहान ८ बजे नेपाल आउने कार्यतालिका रहेको छ ।



उनीहरूले सोमबार र मंगलबार दुई दिन नेपालका पौडी प्रशिक्षकहरूलाई प्रशिक्षण दिने कार्यक्रम रहेको छ । उक्त अवसरमा नेपाली प्रशिक्षकहरूलाई कोचिङ स्किल डेभलपमेन्टसम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण प्रदान गर्ने छन् । सो कार्यक्रममा नेपालका प्रमुख पौडीवाजहरूले पनि सहभागिता जनाउने संघका अध्यक्ष बज्राचार्यले जानकारी गराए ।

# एसियाडका पदक विजेता खेलाडी सम्मानित

किमाथांका (प्रस)- संखुवासभा सदरमुकाममा तेक्वान्दोका अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित भएका छन् । तेक्वान्दोका राष्ट्रिय खेलाडी प्रेमबहादुर लिम्बू गृहजिल्लामा सम्मानित भएका हुन् ।

खाँदबारीमा आइतबार आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलाडी लिम्बूलाई खाँदबारी नगरपालिकाका प्रमुख महेश थपलियाले सम्मानपत्रका साथै दोसल्ला ओढाएर अभिनन्दन गरेको थिए । नगरप्रमुख थपलियाले खेल क्षेत्रको विकासका लागि जिल्लाका दशवटै पालिको सहकार्य आवश्यक भएको बताए । तेक्वान्दोमा एक दशकदेखि सक्रिय लिम्बूले थाइल्याण्ड, कोरिया, इण्डोनेसियामा भएका विभिन्न प्रतिस्पर्धामा अन्तर्राष्ट्रिय पदक प्राप्त गरेका छन् । हालै चीनको हाङझावमा सम्पन्न एसियाडमा पनि पदक जितेका थिए ।

# चीनसँग रचनात्मक काम गर्ने अस्ट्रेलियाली प्रधानमन्त्रीको संकल्प

**सांघाई–** अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आइतबार चीनसँग 'रचनात्मक काम गर्ने' वाचा गरेका छन् । आफ्नो मुलुकको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीनको उच्च प्रोफाइलको भ्रमणको पहिलो दिन सांघाईमा चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो (सिआइआइई) को उद्घाटन कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

'मुलुकहरूबीचको रचनात्मक आर्थिक संलग्नताले सम्बन्ध निर्माण गर्न सहयोग गर्छ, यसैले मैले नेतृत्व गरेको सरकारले चीनसँग रचनात्मकरूपमा काम गरिरहनेछ,' अल्बानिजले आफ्नो सम्बोधनमा भने ।

उनले सांघाई र बेइजिङमा चार दिन बिताने छन् । दुवै मुलुकबीचको अर्बौं डलरको व्यापारलाई असर गर्ने गरी भएको कूटनीतिक विवादपछि सम्बन्धलाई सुधार गर्ने प्रयास भइरहेको बेला कुनै पनि अस्ट्रेलियाली नेताको यो भ्रमण पछिल्लो सात वर्षमा पहिलो हो ।

अल्बानिज सरकारले प्रशान्त क्षेत्रमा बेइजिङको बढ्दो प्रभावविरुद्ध दबाब दिँदै चीनसँग थप सौहार्द्रपूर्ण सम्बन्ध खोजेको छ । आइतबार प्रधानमन्त्री अल्बानिजले भने, 'एसिया प्रशान्त क्षेत्रको विकास यस्तो लेन्स हो जसको माध्यमबाट हामी भविष्यका बारेमा धेरै देख्छौं, चीनसँग अस्ट्रेलियाको सम्बन्ध यी सबैमा एउटा महत्त्वपूर्ण हिस्सा हो ।'

उनले बेइजिङ र क्यानबेराबीच 'परिक्व सम्बन्ध' को प्रशंसा गर्दै भने, 'यो हाम्रा अर्थतन्त्रहरूको पूरक प्रकृतिसँग उत्साहित छ ।' अल्बानिजले चिनियाँ नेताहरूसँग भेटवार्ता गर्ने र 'द्विपक्षीय मुद्दाका विषयका साथै साझा चासोका अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मुद्दाहरूमा गहिरो विचार आदानप्रदान गर्ने' चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । 'एउटा स्वस्थ र स्थिर चीन–अस्ट्रेलिया सम्बन्ध दुवै मुलुक र नागरिकको आधार भूत हितअनुरूप छ,' मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भने । *रासस/एएफपी*

# तालिबानको प्रतिबन्धपछि ९५ प्रतिशतले घट्यो अफिम उत्पादन

**काबुल–** तालिबान अधिकारीहरूले पप्पीमाथि प्रतिबन्ध लगाएपछि अफगानिस्तानमा यसको खेती र अफिमको उत्पादनमा ९५ प्रतिशतले कमी आएको आइतबार प्रकाशित संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनमा उल्लेख छ ।

सन् २०२१ मा सत्तामा फर्किएपछि तालिबान अधिकारीहरूले अफगानिस्तानमा अवैध लागुऔषध उत्पादन अन्त्य गर्ने वाचा गरेका छन् र सन् २०२२ अप्रिलमा अफिम र हेरोइन बनाइने पप्पी बोटको खेतीमा प्रतिबन्ध लगाएका छन् ।

सन् २०२२ को अन्त्यमा दुई लाख ३३ हजार हेक्टरबाट घटेर सन् २०२३ मा १० हजार ८०० हेक्टरमा पप्पीको खेतीमा करिब ९५ प्रतिशत कमी आएको राष्ट्रसंघीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) को प्रतिवेदनमा उल्लेख छ ।

यस अवधिमा अफिमको उत्पादन पनि सन् २०२३ मा छ हजार २०० टनबाट घटेर ३३३ टन भएको छ । यो वर्ष २४ टनदेखि ३८ टन हेरोइनको निर्यात हुने अनुमान गरिएको छ । अघिल्लो वर्ष ३५० टनदेखि ५८० टन हेरोइन निर्यात भएको थियो ।

अफगानिस्तानको अफिम अर्थतन्त्रमा अचानक कमीका कारण सम्भावित 'धेरै कमजोर ग्रामीण समुदायका लागि मानवीय नतिजा' को चेतावनी दिँदै युएनओडिसीले यसको उत्पादनमा प्रतिबन्ध लगाइँदा उत्पादकहरूले अत्यन्त कम आकर्षक वैकल्पिक बालीहरूतिर फर्कनुपरेको जनाएको छ ।

युएनओडिसीका अनुसार सन् २०२२ मा किसानहरूको आम्दानी एक अर्ब ३६ करोड अमेरिकी डलर हुने अनुमान छ । यो यस वर्ष ९२ प्रतिशतले घटेर ११ करोड डलर भएको छ । यो घाटाले अफगानिस्तानको पहिला नै संघर्षरत अर्थतन्त्रमा अत्यधिक असर पर्ने आशंका गरिएको छ । गत वर्ष विश्वको अग्रणी उत्पादक अफगानिस्तानमा कूल कृषि उत्पादनको मूल्यमा पप्पी बालीको योगदान करिब एक तिहाइ थियो ।

'आज अफगानिस्तानका मानिसलाई गुमेको आम्दानीको आघातको सामना गर्न र जीवन बचाउन तत्काल मानवीय सहयोगको आवश्यकता छ,' युएनओडिसीका कार्यकारी निर्देशक घाडा वेलीले एक विज्ञप्तिमा भने, 'अन्य सबै उत्पादन कपास, गहुँका लागि धेरै पानी चाहिन्छ तर अफगानिस्तानले लगातार तीन वर्षदेखि खडेरीको सामना गरिरहेको छ ।'

अफगानिस्तानको आन्तरिक मन्त्रालयको लागुऔषध विभागले युएनओडिसीको प्रतिवेदनमा पप्पीको उत्पादनको अनुमानमा केही हदसम्म सहमत भएको जनाएको छ । *रासस/एएफपी*

# फिलिपिन्समा रेडियो प्रसारकको हत्या

**मनिला–** फिलिपिन्समा आइतबार एक रेडियो प्रसारकलाई उनको स्टुडियोभित्रै गोली हानी हत्या गरिएको प्रहरीले बताएको छ । प्रहरीका अनुसार फिलिपिन्समा मारिएका पत्रकारहरूको लामो सूचीमा यो नयाँ घटना हो ।

मिसामिस अक्सिडेन्टल प्रान्तमा कलाम्बा नगरपालिकाका प्रहरी प्रमुख क्याप्टेन डेओर रगिनियोका अनुसार दक्षिणी टापु मिन्डानाओस्थित आफ्नो घरमा रहेको रेडियो स्टेसनमा बन्दुकधारीले ५७ वर्षीय जुआन जुमालोनको टाउकोमा गोली चलाएका थिए ।

संदिग्ध बन्दुकधारी अन–एयर घोषणा गर्ने बहाना बनाएर स्टुडियोमा प्रवेश गरेको प्रहरीले बताएको छ । प्रहरीका अनुसार गोली हानेपछि अपराधी भाग्यो र जुमालोनलाई स्थानीय अस्पतालमा मृत घोषणा गरिएको थियो ।

सन् २०२२ जुनमा राष्ट्रपति फर्डिन्यान्ड मार्कोसले पदभार सम्हालेपछि हत्या भएका पत्रकारमा जुमालोन चौथो व्यक्ति भएको नेसनल युनियन अफ जर्नालिस्ट्सले बताएको छ । पत्रकारहरूका लागि फिलिपिन्स विश्वमा सबैभन्दा खतरनाक स्थान हो र यहाँ पत्रकारका हत्याराहरू प्राय सजायबाट बच्ने गरेका छन् । राजधानीबाहिर प्राय: रेडियो प्रसारक निशानामा पर्ने गरेका छन् । जुमालोनले आफ्नो सेबुआनो–भाषा ९४.७ गोल्ड एफएम कलाम्बा स्टेसनमा 'डिजे जोनी वाकर' नाम प्रयोग गरे ।

प्रहरी प्रमुख रगिनियोले प्रहरीले हत्याको उद्देश्यको अनुसन्धान गरिरहेको बताए । आफूहरूलाई जुमालोनको जीवन खतरामा रहेको पछिल्लो अवस्थाबारे थाहा नभएको उनले बताए । 'उहाँ धेरैजसो समसामयिक घटनाहरूलाई प्राथमिकता दिनुहुन्थ्यो र आफ्नो प्रसारणमा उहाँले कसैलाई आलोचना गरेको थाहा थिएन,' रगिनियोले भने । *रासस/एएफपी*

**SUNAWARSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPLE EXECUTIVE**
**DAINIYA, MORANG**
**KOSHI PROVINCE**

**INVITATION FOR BID**

**Published date: 2080/07/20 (2023/11/06)**

1. **Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang** invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ROAD/080/81-07 | Dans Khola Nadi Niyantran (Kalabanjar Paschim Tatha tatbandhan Nirman ward no. 1) | | 5,25,000 /- | 5,000 /- |

2. Eligible Bidder may obtain further information from **sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com**
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & For Bid Security SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2080/08/19 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before **12:00 noon on 2080/08/20.** Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on **Mangsir, 20, 2080 13:00 hrs** at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of **30 days** beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAYELAMAY & SONS ENTERPRISE LTD

पूर्व स्वीकृति मिति २०८०/०७/१६ LT. No. :294640 चलानी नं. :६०२०९७७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Camp Boss | 2 | 0 | 22000 | ६५,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter (Aluminium Formwork) | 45 | 0 | 16764 | ५०,०७५ | | | | | | | |
| 3 | Cook | 2 | 0 | 19000 | ५६,७५५ | | | | | | | |
| 4 | Electrician | 5 | 0 | 16764 | ५०,०७५ | | | | | | | |
| 5 | Mason | 25 | 0 | 16764 | ५०,०७५ | | | | | | | |
| 6 | Mep Enginer | 4 | 0 | 35000 | १०४,५४५ | | | | | | | |
| 7 | Mep Technician | 4 | 0 | 30000 | ८९,६१० | | | | | | | |
| 8 | Plumber | 5 | 0 | 16764 | ५०,०७५ | | | | | | | |
| 9 | Site Engineer (Infrastructure) | 1 | 0 | 30000 | ८९,६१० | | | | | | | |
| 10 | Site Engineer(Building) | 1 | 0 | 30000 | ८९,६१० | | | | | | | |
| 11 | Site Surveyor | 2 | 0 | 24000 | ७१,६९० | | | | | | | |
| 12 | Site Technician - Building | 2 | 0 | 24000 | ७१,६९० | | | | | | | |
| 13 | Site Technician/ Foremen Infrastructure | 2 | 0 | 24000 | ७१,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९०/०७३/०७४

**Best H. R. Solutions Pvt. Ltd.**
Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446,4957800
Mobile: (Gyanu: 9860206621, Sujan: 9851136184, Shiva: 9841357054)
Email: besthrsolutionpvtltd@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOZEN OOTY TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०७/१५ LT. No. 294585 चलानी नं. ६०२०९७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing & Wrapping Labour | 1 | 0 | 1200 | ४२,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MELAKA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८०/०३/१८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१९ LT. No.288874 चलानी नं.६०२०४१६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN CLEAN WORKER | 3 | 0 | 1000 | ३६,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | FOREMAN | 3 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 3 | SUPERVISOR | 3 | 0 | 2500 | ९०,१०५ | | | | | | | |
| 4 | WAITER | 1 | 2 | 1400 | ५०,४६० | | | | | | | |
| 5 | RECEPTIONIST | 0 | 2 | 1100 | ३९,६४५ | | | | | | | |
| 6 | BELLMAN | 0 | 2 | 1000 | ३६,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २७ गते (13th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फयाक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११५९०० | प्रति तोला – ११५३५० | प्रति तोला – १४१५ |



**बाँसको भकारी** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारी बजारमा बिक्रीका लागि राखिएका बाँसबाट निर्मित भकारी ।

*तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

# सडकले जोडियो मुस्ताङ–डोल्पा

## दुई प्रदेशको आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीलाई आवतजावतमा सहज हुने

**म्याग्दी-** गण्डकी प्रदेशको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडकमार्ग खुलेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक आयोजनाअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र र डोल्पाको छार्का ताङसोङ गाउँपालिका सडक सञ्जालसित जोडिएका हुन् ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले चार वर्षको प्रयासमा मुस्ताङ र डोल्पा जोड्ने सडकमार्ग खोल्ने काम सकिएको जानकारी दिए ।

'मुस्ताङबाट डोल्पा र डोल्पाबाट मुस्ताङको सिमानामा शनिबार पहिलोपटक ट्याक्टर आवतजावत गरेका छन्,' उनले भने, 'हप्तौं लगाएर मुस्ताङ आउने उत्तरी डोल्पावासी अब एकै दिनमा आउन सक्नेछन् । घोडा, खच्चर, याक र चौंरीमा बोकाएर सामान ढुवानी गर्नुपर्ने बाध्यता हटेको छ ।'

सरकारले गण्डकी प्रदेशको मनाङ-मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा-मुगु जोड्ने रणनीतिक महत्त्वको सडकअन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ को पाक्लिङदेखि साङ्ता हुँदै डोल्पा जोड्ने सडक निर्माणको कामलाई अघि बढाएको थियो । करिब २० करोड रूपैयाँको लगानीमा ५६.५ किलोमिटर सडकमार्ग खुलेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ ।

गत वर्ष नयाँ ट्र्याक खोल्न मन्त्रालयले तीन करोड १७ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो । चालु आवमा नयाँ ट्र्याक खोल्न मन्त्रालयले दुई करोड रूपैयाँ बजेट छुटयाएको थियो । मुस्ताङ-डोल्पा जोड्ने अन्तिम बिन्दुको नयाँ ट्र्याक खोल्न सिखा इञ्जिनियरिङ र पम्फा जेभी कन्ट्रक्सनले ठेक्का लिएको थियो ।

समुद्री सतहदेखि चार हजार मिटरभन्दा बढीको उचाइमा भौगोलिक रूपमा विकट र दुर्गम याकखर्क क्षेत्रमा सडक निर्माण गरिएको हो । एक्लेभट्टिदेखि मुस्ताङको अन्तिम मानवबस्ती साङ्ता हुँदै याकखर्कको भीर छिचोलेर डोल्पाको सिमानामा सडक पुऱ्याइएको छ । डोल्पातर्फबाट मुस्ताङको सिमानासम्म यसअघि नै सडक निर्माण गरिएको थियो । उक्त सडकलाई आव २०७६/७७ मा ११ करोड रूपैयाँ तथा आव २०७५/७६ मा चार करोड रूपैयाँ बजेट विनियोजन गरिएको थियो ।

मुस्ताङका पूर्वसांसद प्रेमप्रसाद तुलाचनले डोल्पा जोड्ने सडकले दुई प्रदेशको आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीलाई आवतजावतमा सहज हुने बताए । डोल्पा जोड्ने सडकको प्रवेश बिन्दुमा पर्ने मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभट्टी र पाक्लिङको सिमानास्थित कालीगण्डकी नदीमा गत वर्ष १२० मिटर लामो पक्की पुल निर्माण गरिएको थियो । *रासस*

## भूकम्पपीडितलाई आइएमई ग्रुपको एक करोड ५० लाख सहयोग

**काठमाडौं (प्रस)–** आइएमई ग्रुपले जाजरकोट भूकम्पपीडितका लागि एक करोड ५० लाख रूपैयाँ सहयोग घोषणा गरेको छ । आइएमई ग्रुपद्वारा प्रवर्द्धित ग्लोबल आइएमई बैंक, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेडलगायत कम्पनीहरू तथा आइएमई फाउन्डेसनमार्फत उक्त रकम प्रदान गर्ने भएका छन् ।

जाजरकोट, रुकुम पश्चिमलगायतका जिल्लाका प्रभावित क्षेत्रमा उद्धार तथा राहत वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गरिने ग्रुपले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

प्रभावित क्षेत्रमा आइएमई ग्रुप तथा आइएमई फाउन्डेसनले स्थानीय प्रशासनसँगको समन्वयमा थप राहत सहयोग समेत उपलब्ध गराउने जनाएको छ ।

आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले महाभूकम्प तथा महामारीका समयमा उद्धार, तत्काल राहत वितरणमा आइएमई ग्रुपलाई नै परिचालन गरेको स्मरण गर्दै यसपटक पनि हरसम्भव सहयोगका लागि जुटेको बताएका छन् ।

## पर्वतारोहण संघले ३१ लाख सहयोग गर्ने

**काठमाडौं (प्रस)–** नेपाल पर्वतारोहण संघले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई ३१ लाख ११ हजार १११ रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । संघको आइतबार सम्पन्न केन्द्रीय कार्यकारी बोर्ड बैठकले भूकम्पपीडितलाई उक्त सहयोग उपलब्ध गराउने निर्णय गरेको हो ।

संघको आन्तरिक स्रोतबाट उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय भएको संघका महासचिव मोहन लम्सालले जानकारी दिए ।

उनले प्रधानमन्त्रीलाई भेटेर सहयोग रकमको चेक हस्तान्तरण गरिने बताए । बैठकले नेपालमा भूकम्पपीडितलाई सहयोग जुटाउन विश्वभरका अल्पाइन क्लबहरूलाई आग्रह गर्ने पनि निर्णय गरेको छ । यसैबीच आरजु राइस मिलले भूकम्पपीडित क्षेत्रका लागि ५०० बोरा चामल पठाएको छ । उक्त कम्पनीले विज्ञप्ति जारी गर्दै करिब १० टन चामम भूकम्पपीडित क्षेत्रमा पठाइएको जनाएको हो ।

# सेयरबजारमा उच्च अंकको गिरावट

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१.४६ अंकले ओरालो लागेर एक हजार ८२६.२३ बिन्दुमा सीमित भएको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि ५.३६ अंकले घटेको छ । आइतबार सेन्सेटिभ परिसूचक ३५२.३९ बिन्दुमा झरेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये एक उपसमूहको सेयर मूल्य उकालो लाग्दा १२ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ ।

नेप्सेका अनुसार, कूल ३५ लाख ५८ हजार ५५४ कित्ता सेयर ९७ करोड २३ लाख ६७ हजार २७८ रूपैयाँ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा नबिल बैंकको संस्थापक सेयर शीर्ष स्थानमा रहेको छ । सो बैंकको चार करोड ६० लाख ८० हजार रूपैयाँ बराबरको कारोबार भयो ।

ग्लोबल आइएमई बैंक तीन करोड १७ लाख ७९ हजार ८७४ रूपैयाँ, एनआइसी एसिया बैंक तीन करोड तीन लाख ८० हजार २१० रूपैयाँ, हिमालयन डिस्टिलरी दुई करोड ८९ लाख ५९ हजार ४२४ रूपैयाँ र नबिल बैंक दुई करोड ८७ लाख ५२ हजार रूपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार एनआइसी एसिया लघुवित्त ६.९७, तारागाउँ रिजेन्सी होटल ५.४७, माया खोला हाइड्रोपावर ४.२५, एसियन हाइड्रोपावर ३.७५ र नेसनल लघुवित्तका लगानीकर्ताले २.५७ प्रतिशतले कमाएका छन् । यस्तै, हिमालयन लघुवित्त १०, बाराही लघुवित्त ७.९८, युनाइटेड आइडिआइ मर्दी हाइड्रोपावर ६.७६, नबिल ब्यालेन्स फण्ड दोस्रो ५.७३ र सबैको लघुवित्तका लगानीकर्ताले ५.५६ प्रतिशतले गुमाएका छन् ।

# गण्डकीमा वैकल्पिक विद्युत् प्रसारण लाइन

**म्याग्दी–** गण्डकी प्रदेशमा विद्युत् आपूर्तिको गुणस्तर सुधार गर्ने र धौलागिरि क्षेत्रका आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराउने वैकल्पिक प्रसारण लाइन बनाउन थालिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण सुरु गरेको कुश्मा-तल्लोमोदी-नयाँमोदी १३२ केभी प्रसारण लाइन सम्पन्न भएपछि गण्डकी प्रदेशमा विद्युत् प्रसारण लाइनको चक्र बन्ने र कालीगण्डकी करिडोरको वैकल्पिक हुने जनाएको छ ।

आयोजना प्रमुख रोशन अग्रवालले म्याग्दी, बागलुङ, पर्वत र मुस्ताङमा निर्माण भएका तथा निर्माणका क्रममा रहेका विद्युत् आयोजनालाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन र यस क्षेत्रमा विद्युत् आपूर्तिको गुणस्तर सुधार गर्न प्रसारण लाइनको चक्र बनाउन लागिएको बताए ।

'कालीगण्डकी करिडोरअन्तर्गत २०० केभी क्षमताको दाना-खुर्कोट-न्यू बुटवल जोड्ने प्रसारण लाइन हालै निर्माण सकिएको छ, यो लाइनको कनेक्टर भरतपुर सवस्टेसनसँग हुन्छ, हामीले खुर्कोटदेखि नयाँ मोदी नयाँ लाइन बनायौं भने खुर्कोट-न्यू बुटवल-भरतपुर-दमौली-लेखनाथ-घाचोक-नयाँमोदी विद्युत् प्रसारण लाइनको चक्र बन्छ,' उनले भने, 'कालीगण्डकी करिडोरको लाइनमा समस्या आउँदा नयाँ मोदी हुँदै र मोदीको लाइनमा समस्या आउँदा खुर्कोट-न्यू बुटवलको प्रसारण लाइनबाट विद्युत् आपूर्ति गराउन सकिने विकल्प हुन्छ ।'

प्रसारण लाइनको चक्र भएपछि विद्युत् आपूर्ति नियमित भई गुणस्तर सुधार हुने, आयोजना पूर्ण क्षमतामा सञ्चालन हुने र आपूर्तिका कारणले विद्युत् खपत कम भई प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने समस्या हट्ने आयोजना प्रमुख अग्रवालले बताए । खुर्कोट-न्यू बुटवल लाइन निर्माण पूरा नहुँदासम्म खुर्कोटदेखि मोदी हुँदै न्यू मोदी जोड्ने सिंगल सर्किटको प्रसारण लाइनबाट विद्युत् आपूर्ति गराउँदा म्याग्दी र मुस्ताङका जलविद्युत् आयोजना पूर्ण क्षमतामा चल्न सकेका थिएनन् । *रासस*

# मूल्य घटेपछि च्याउ उत्पादक किसान मर्कामा

**लेखनाथ (कास्की)–** उत्पादित च्याउको बजार मूल्य अत्यधिक मात्रामा घटेपछि कास्कीका च्याउ किसान मर्कामा परेका छन् । च्याउ उत्पादन वृद्धिसँगै मूल्यमा आएको भारी गिरावटका कारण कास्कीमा व्यावसायिक च्याउखेती गर्ने किसान मर्कामा परेका हुन् । डेढ महिनाअघि प्रतिकिलो २०० रूपैयाँ बजार मूल्य रहेको कन्य च्याउको मूल्य यतिबेला घटेर प्रतिकिलो ६० रूपैयाँ पुगेको छ ।

पोखरा बजारमा बढी मात्रामा उपभोक्ताले उपभोग गर्ने च्याउ कन्य नै हो । चिसो मौसममा च्याउको उत्पादन पनि बढी हुने गर्छ । किसानले उतपादन गरेको कन्य च्याउ पोखरा बजारमा दैनिक चार हजार किलो बिक्री हुने गर्छ । कास्कीमा व्यावसायिक च्याउखेती गर्ने किसानको संख्या २० र बाहिरबाट पनि केहीमात्रामा च्याउ आयात हुने गरेको छ ।

पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले किसानको उत्पादन गरेको च्याउ र सिमीको मूल्य यतिबेला अत्यधिक मात्रामा घटेपछि किसानको लागत मूल्यसमेत उठ्न नसकेको बताए ।

पोखरा-१९ लामाचौरका च्याउ उत्पादक किसान सन्दीप क्षेत्रीले एक किलो च्याउ उत्पादन गर्न लागत मूल्य १३० रूपैयाँ लाग्छ तर प्रतिकिलो ६० रूपैयाँमा बिक्री गर्नुपर्दा च्याउ किसानको लगानी सीधै डुब्ने अवस्थामा पुगेको बताए । करिब १४ लाख रूपैयाँको लागतमा छ रोपनी जग्गामा उत्पादन गरेको च्याउले बजार नपाउँदा आफूले ठूलो नोक्सानी व्यहोर्नुपरेको उनले बताए ।

'पोखरामा च्याउको मूल्य चार वर्षयताकै न्यून हो,' क्षेत्रीले भने, 'च्याउ उत्पादक किसानको संख्या पनि बढ्दै जानु, च्याउ उत्पादन गर्ने अनुकूल मौसम र दसैं पर्व पछाडि अर्थात् च्याउ उत्पादन बढी हुने समयमा पर्दा उपभोक्ताले मासु खाइदिँदा च्याउको माग घटेसँगै मूल्यमा पनि गिरावट आएको हो ।'

महानगरपालिकामा सूचीकृत किसानले उत्पादन गरेको च्याउको न्यूनतम समर्थन मूल्य तोकिदिएका कारण च्याउ किसान विस्थापित नै हुनुपर्ने अवस्थामा भने छैन । महानगरले पोखरामा च्याउको समर्थन मूल्य १३० रूपैयाँ तोकेको छ । गत वर्ष महानगरले पोखरामा च्याउको न्यूनतम समर्थन मूल्य १५० रूपैयाँ तोकेको थियो । यस वर्ष २० रूपैयाँ घटाएर १३० कायम गरिएको कृषि महाशाखा प्रमुख कडरियाले जानकारी दिए ।

लागत मूल्यलाई आधार बनाएर न्यूनतम समर्थन मूल्य तोकिएको उनले बताए । 'समर्थन मूल्यभन्दा कम मूल्यमा किसानले च्याउ बेचेमा त्यसमा थपेर समर्थन मूल्य बराबर महानगरले रकम उपलब्ध गराउँछ,' कडरियाले भने, 'समर्थन मूल्यका कारण च्याउखेतीबाट विस्थापित हुने स्थिति आउँदैन, न्यूनतम समर्थन मूल्यबापतको रकम लिन पनि सजिलो छ ।' किसानले मूल्य घटेकोबारेमा महानगरलाई पूर्वजानकारी गराउनुपर्ने उनले बताए । कडरियाले भने, 'पछि हामीले अनुगमन गर्छौं र बेचेको रकमका आधारमा प्रमाण पेस भए तुरुन्तै रकम उपलब्ध गराउँछौं ।' *रासस*


**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वास्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकाले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ